मस्यौदा

# राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनसम्बन्धी विस्तृत प्रतिवेदन

## २०७८


**नेपाल सरकार**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

**सानोठिमी भक्तपुर**

# दुई शब्द

नेपालको संविधानले प्रत्येक नागरिकका लागि आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुने गरी मौलिक हकको व्यवस्था गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत र माध्यमिक शिक्षा सहित अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, अभिभावक शिक्षा, सामुदायिक सिकाइ नीति आदि व्यवस्थापन स्थानीय तहमार्फत् हुने व्यवस्था गरेको छ । संवैधानिक रूपमा स्थापित भएको मौलिक हक कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ र नियमावली २०७७ लगायतको कानूनी व्यवस्था स्थापित भएको छ ।

नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७७।१।१९ बाट स्वीकृत भएको राष्ट्रिय योग्यता प्रारूप २०७७ को सैद्धान्तिक पक्ष, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ को दफा १४ र १५ एवम् अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली २०७७ को नियम १३ र १४ का प्रावधान, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा रहेको विद्यालय शिक्षाको तहगत सिकाइ क्षमता स्तर र विशेष गरी १५ वर्ष माथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारुलाई मध्यनजर राखेर प्रारुपको विकास गरिएको छ ।

अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका र औपचारिक विद्यालय शिक्षामा समावेश हुन इच्छुक व्यक्तिलाई उनीहरूको शैक्षिक अवस्थाको प्रमाणीकरणका आधारमा औपचारिक शिक्षामा प्रवेशको अवसर खुला गर्ने सम्वन्धमा र प्रारुप कार्यान्वयनको लागि आवश्यक कानूनी, संरचनागत र संगठनात्मक कार्यको लागि यो विस्तृत प्रतिवेदन तयार गरिएको छ ।

चूडामणि पौडेल
महानिर्देशक

# विषयसूचि

## v08 Ps\ kl/ro


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | अध्ययनको उद्देश्य | २ |
| १.३ | आवश्यकता | ३ |
| १.४ | विद्यमान कानुनी तथा अन्य नीतिगत व्यवस्था | ५ |
| | राष्ट्रिय शिक्षा नीति २०७६ | ५ |
| | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ | ६ |
| | राष्ट्रिय योग्यता प्रारुपको ढाँचा २०७७ | ८ |
| | अनौपचारिक तथा वैकल्पिक शिक्षा राष्ट्रिय योग्यता प्रारूप | ८ |
| | विद्यालय शिक्षा क्षेत्रको योजना सन् २०२१ देखि २०३० (School Education Sector Plan) | ९ |
| १.५ | मान्यता तथा समकक्षता | १० |
| | राष्ट्रिययोग्यता प्रारुप २०७७ को कार्यान्वयनसम्बन्धी समिति | १२ |
| १.६ | राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयन सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास | १४ |
| १.७ | अध्ययन विधि | १५ |
| | सन्दर्भ सामग्रीहरूको पुनरावलोकन: | १५ |
| | अनौपचारिक शिक्षाको क्षेत्रमा कार्यरत सरोकारवालाहरू विच कार्यशाला सञ्चालन: | १६ |
| | विज्ञ समूह छलफल: | १६ |
| | नीति निर्माताहरू विच छलफल तथा अन्तरक्रिया: | १६ |
| | प्रतिवेदन प्रस्तुतीकरण तथा पृष्ठपोषण सङ्कलन: | १६ |


## v08 bO{ /fli6«o of]Uotf k|?k @)&&<br>tx kf7F; Ddsf]JofVof tyf k|:tfljt /0fgLlts sfo{x¿


| | | |
|---|---|---|
| २.१ | योग्यता प्रारुपको तहगत व्याख्या | १७ |
| २.२ | राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनसम्बन्धी अन्तरिम व्यवस्थाका लागि प्रस्तावित रणनीतिक कार्यहरू | १९ |
| २.२.१ | राष्ट्रिय योग्यता प्रारुपलाई अन्तिम रुप प्रदान गर्ने | १९ |
| २.२.२ | विद्यालय शिक्षा क्षेत्रको योजना सन् २०२१ देखि २०३० मा प्रारुप कार्यान्वयन सम्बन्धी व्यवस्था थप गर्ने | २० |
| २.२.३ | राष्ट्रिय योग्यता प्रारुप सम्बन्धमा समान धारणाको विकास गर्ने | २० |
| २.२.४ | प्राविधिक तथा व्यावसायिक शिक्षा तर्फको राष्ट्रिय योग्यता प्रारुप विच सह सम्बन्ध स्थापित गर्ने | २१ |
| २.२.५ | तहगत सक्षमता विकास गर्ने | २१ |

२.२.६ ब्रिज कोर्ष सञ्चालन गर्ने निकायको स्वीकृति र गुणस्तर व्यवस्थापन गर्ने २१
२.२.७ सुपरीवेक्षण तथा मूल्याङ्कन पद्दतिलाई सस्थागत गर्ने २१
२.२.८ राष्ट्रिय योग्यता प्रारुपको गुणस्तर व्वस्थापन २२
२.२.९ अनौपचारिक शिक्षा तर्फ कार्यक्रम सञ्चालन गर्ने निकाय तथा कार्यक्रकमहरूको नक्शाङ्कन गर्ने २२
२.२.१० राष्ट्रिय योगयता प्रारुपसम्बन्धी व्यवस्थाको वृहतरुपमा प्रचारप्रसार गर्ने २२
२.२.११ कानूनी प्रवन्धपर्ने २३
२.२.१२ कार्यविवरण सशोधन गर्ने २५
२.२.१३ समन्वय सहकार्य तथा सहजीकरणको आवश्यक प्रवन्ध गर्ने २५
२.२.१४ प्रमाणीकरण सम्बन्धी व्यवस्थाका लागि गर्नु पर्ने कार्यहरू २७
२.२.१५ परीक्षण तथा प्रमाणीकरण गर्ने निकाय २९
२.२.१६ सिकाइ सामग्री विकास र सर्वसुलभता कायम गर्ने ३०
२.२.१७ योग्यता प्रारुप कार्यान्वयनका लागि आर्थिक व्यवस्थापन ३२
२.३ कानूनद्वारा दीर्घकालिक रुपमा सम्पन्न गर्नु पर्ने रणनीतिक कार्यहरू ३२
अधिकार सम्पन्न राष्ट्रिय योग्यता प्रारुप वोर्ड गठन गर्ने ३३
राष्ट्रिय योग्यता प्रारुप वोर्डअन्तरगत प्रदेश प्रारुप वोर्ड गठन गर्ने ३३
पालीका प्रारुप समन्वय एकाइको व्यवस्था गर्ने ३३
सङ्गठन तथा व्यवस्थापन सर्भे सम्पन्न गर्ने ३४
२.४ सस्थागत सक्षमता विकासका लागि गर्नु पर्ने कार्यहरू ३४
२.५ योग्यता प्रारुप कार्यान्वयनमा विभिन्न निकायहरूको भूमिका ३६

## v08 tLg /fli6«o of]Uotf k|?k sfof{Gjog of]hgf tyf lgisif{

३.१ राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयन योजना ४१
३.१ निष्कर्ष ४५

v08 Ps‖

# परिचय

## !=! k[7elđ

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सबैका लागि गुणस्तरीय शिक्षाको सहज पहूँचका लागि प्रतिवद्ध रहँदै आएको छ । सन् १९९० को दशकदेखि नै यसका लागि विविध प्रयासहरू निरन्तररुपमा हुँदै आएका छन् ।सबैका लागि शिक्षा अभियान अन्तरगत आधारभूत शिक्षा परियोजना पहिलो तथा सबैकालागि शिक्षा कार्यक्रम दोस्रो सफलतापूर्वक सञ्चालन भए । पछिल्लो समयमा विद्यालय क्षेत्र सुधार कार्यक्रम विकास गरी सञ्चालन गरियो । यसको निरन्तरताका लागि विद्यालय क्षेत्र विकास कार्यक्रम सञ्चालनमा रहेको छ । यो कार्यक्रम सम्पन्न हुने क्रममा छ । आगामी वर्षदेखि सबैका लागि गुणस्तरीय तथा जीवनोपयोगी निरन्तर सिकाइ सम्बन्धी सहश्राव्दी विकास लक्ष प्राप्त गर्ने अभिप्रायका साथ सन् २०३० सम्म कार्यान्वयन गर्ने गरी नयाँ विद्यालय शिक्षा क्षेत्र कार्यक्रम तयार गरि सकेको अवस्था छ । यो नेपाल सरकारबाट स्वीकृति हुने क्रममा रहेको छ ।

शिक्षा क्षेत्रमा तय गरिएका अपेक्षित सूचकहरूमा उल्लेख्य प्रगति भएको अवस्था छ । आर्थिक सर्वेक्षण २०७८ अनुसार विद्यालय विद्यालय वाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरूको खूद भर्ना दर प्राथमिक तह कक्षा १ देखि ३ को  ९७.१ प्रतिशत पुगेको छ । त्यसैगरी खूद भर्ना दर प्राथमिक तह कक्षा १ देखि ८ को ९३.४ प्रतिशत पुगेको छ । खूद भर्ना दर माध्यमिक तह कक्षा ९ देखि १२ को ४७.७ प्रतिशत पुगेको छ । विद्यालय शिक्षामा छात्र तथा छात्राहरूको भर्ना दरमा समता कायम भएको छ । कक्षा स्तरोन्नति दरमा सुधार आएको छ । यसरी शैक्षिक सूचकहरूमा प्रगति भएतापनि अनौपचारिक तथा अनियमित शिक्षा तर्फको सिकाइलाई प्रमाणीकरण गरी विधिवतरुपमा औपचारिक शिक्षामा सहज प्रवेश गराउने कार्य अझै व्यवस्थित हुन सकेको छैन । सिकारुको चाहना अनुसार साधारण शिक्षा वा प्राविधिक शिक्षाबाट एकापसमा समकक्षता प्रदान गरी प्रवेशलाई लचकता प्रदान गर्न सकिएको अवस्था छैन । यसप्रकारको व्यवस्थाले सिकारुलाई उनीहरूको चाहनाअनुसार उच्च अध्ययन तथा सिकाइको अवसर प्राप्त हुन जान्छ । विश्वमा राष्ट्रिय योग्यता प्रारुपको अवधारणा तथा व्यवस्था कार्यान्वयनमा ल्याइएको सन्दर्भ विद्यमान रहेको छ । यस परिवेशमा नेपालमा पनि राष्ट्रिय योग्यता प्रारुपका सन्दर्भमा प्रारम्भिक चरणका कार्यहरू हुन थालेका छन् ।

नेपालमा राष्ट्रिय योग्यता प्रारुपको अवधारणालाई वहसमा ल्याउने कार्यको सुरुआत विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनको पछिल्ला वर्षहरूदेखि भएको हो । साधारण शिक्षा, प्राविधिक शिक्षा तथा विश्वविद्यालय शिक्षा सवैमा यो अवधारणाअनुसार प्रारुप तयार गर्ने कार्यहरू हुन थालेका छन् । यसलाई व्यवस्थित गर्ने उद्देश्यबाट नेपाल सरकारले राष्ट्रिय योग्यता प्रारुपका सम्बन्धमा सैद्धान्तिक स्वीकृति प्रदान गरी सकेको छ । यसलाई कार्यान्वयनमा ल्याउन नेपाल सरकारबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तरगतका निकायहरूबाट थप प्रयासहरूको थालनी भएका छन्। राष्ट्रिय योग्यता प्रारुपलाई कार्यान्वयनमा जान अझै धेरै कानूनी, सरचनागत, सक्षमतागत व्यवस्था गर्नं पर्ने अवस्था रहेको छ ।

नेपालको सविधानले नै वैज्ञानिक, प्राविधिक, सिपमूलक तथा रोजगारमुखी शिक्षा मार्फत सक्षम तथा प्रतिस्पर्धि नागरिक तयार गर्ने परिकल्पना गरेको छ । सामान्यतया नागरिकले शिक्षा लिने तरिकाहरूमा औपचारिक शिक्षा पद्दति, अनौपचारिक शिक्षा पद्दति, तथा अरितिक अर्थात जीवन्त अनुभवबाट हासिल हुने सिकाइ नै प्रमुख हुन् । सरकारको शैक्षिक दायित्वका रुपमा सवै नागरिकलाई सवै प्रकारका शिक्षा तथा तहमा समतामूलक पहुँच सुनिश्चत गर्ने, शैक्षिक गुणस्तर कायम गर्ने, शैक्षिक व्यवस्थापनलाई प्रभावकारी र दक्ष बनाउने, व्यावसायिक तथा सिपमूलक शिक्षामार्फत दक्ष एवम् श्रमबजारमा प्रतिस्पर्धि नागरिक तयार गर्ने आदि रहेका छन् । यसका लागि राष्ट्रिय योग्यता प्रारुप एक महत्वपूर्ण साधनका रुपमा रहन्छ ।

## !=@ cWoogsf]p2Io

यस अध्ययनको प्रमुख उद्देश्य राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनका लागि आवश्यक रणनीतिक कार्यहरू पहिचान गरी तिनको कार्ययोजना तयार गर्नं रहेको छ। यसका विशिष्ट उद्देश्ययहरू देहाय बमोजिम रहेका छनः

१ राष्ट्रिय योग्यता प्रारुप तह पाँच सम्म कार्यान्वयनका लागि अवलम्वन गर्नं पर्ने अन्तरिम तथा दीर्घ कालिन रणनीतिक कार्यहरूका बारेमा विभिन्न निकाय तथा सरोकारवालाहरू विच अन्तर्क्रिया गरी पृष्ठपोषण सङ्कलन गर्नं

२ राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनका लागि अवलम्बन गर्नं पर्ने नीतिगत, कानूनी व्यवस्था, संरचनात्मक प्रवन्ध, प्रमाणीकरण सम्वन्धी व्यवस्था र संस्थागत क्षमतासम्बधी रणनीतिक कार्यहरू पहिचान गरी सुझाव प्रस्तुत गर्नं

३ राष्ट्रिय योग्यता प्रारुपको तह पाँच सम्म कार्यान्वयनका लागि अन्तरिम व्यवस्था र दीर्घकालिन व्यवस्थाका लागि अवलम्बन गर्नं पर्ने पक्षहरू पहिचान गर्नं, विभिन्न निकायहरूको भूमिका यकिन गरी प्रारुप कार्यान्वयन योजना को प्रस्ताव तयार गर्नं

## !=#    cfjZostf

नेपालमा ठूलो सङ्ख्यामा युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । यसरी वैदेशिक रोजगारीमा जाने युवाहरू मूलतः निम्न तथा मध्यम प्रकृतिको सीप प्रयोग हुने श्रमकालागि जाने गरेकोअवस्था छ । कतिपय युवाहरूमा विभिन्न प्रकारको सिप भए पनि उचित रुपमा तिनको स्तरीकरण तथा प्रमाणीकरण हुने गरेको अवस्था छैन । यसबाट उनीहरू न्यूनतम तहको श्रमका लागि जानुपर्ने अवस्था छ । यसलाई थप व्यवस्थित गर्न जरुरी छ । त्यसै गरी विभिन्न प्रकारको श्रममा कार्य गरी हासिल गरेका प्राविधिक तथा व्यावसायिक सिपहरूको पनि उचित रुपमा परीक्षण, वर्गीकरण तथा प्रमाणीकरण कार्यलाई व्यवस्थित गर्न सकिएको अवस्था छैन । यसकालागि निश्चित कानूनी स्वरुपको व्यवस्था, आवश्यक सयन्त्र तथा सक्षमता र राष्ट्रिय योग्यता प्रारुपका आधारमा कार्यान्वयन योजना तयार भई सञ्चालनमा आएको छैन । राष्ट्रिय योग्यता प्रारुपको व्यवस्था र यसको प्रभावकारी कार्यान्वयनबाट उल्लिखित समस्याहरू समाधान गर्न सकिन्छ । सवै अनौपचारिक तथा अरितिक रुपमा सिकेका ज्ञान तथा सिपको परीक्षण तथा प्रमाणीकरण गर्ने काम प्रारुपले गर्ने भएकाले यसबाट युवाहरूलाई आफ्नै रुचिको विषय क्षेत्रमा औपचारिक शिक्षामा प्रवेश गर्ने अवसर प्रारुपको कार्यान्वयनबाट प्राप्त हुन्छ ।

राष्ट्रिय योग्यता प्रारुपको सही कार्यान्वयनले नेपालको समग्र शिक्षा पद्दितलाई स्तरीकृत गर्छ । नागरिकले आफ्नो जीवनमा विभिन्न प्रकारबाट सिकेका ज्ञान सिकाइ तथा सिपलाई स्तरीकृत मूल्याङ्कन प्रक्रिया मार्फत परीक्षण, स्तरीकरण तथा प्रमाणीकरण गर्ने कार्य हुन्छ । त्यसै गरी राष्ट्रिय योग्यता प्रारुपले एक धारको शिक्षा पद्दतिमा सिकेको ज्ञान सिप तथा अभिवृत्तिको अन्य धारको शिक्षा विचको ज्ञान सिप तथा अभिबृत्तिसँग समकक्षी भएको प्रमाणीकरण गर्ने कार्य गर्छ । यस व्यवस्था मार्फत एक धारको शिक्षा बाट अर्को धारको शिक्षामा औपचारिक शिक्षा हासिल गर्ने अवसर सिर्जना हुन जान्छ । विभिन्न कारणबाट पढाइ निरन्तरता गर्न नसकेका तर अनौपचारिक रुपमा अध्ययन गरेका वा अन्य पेसा व्यवसाय वा जीवनको भोगाइबाट सिकेका सवै प्रकारका ज्ञान सिप तथा अभिवृत्तिसमेत प्रमाणीकरण हुने भएकाले सवै खालका सिकारुको शैक्षिक पहुँच तथा शैक्षिक निरन्तरता प्रदान गर्ने उपयुक्त वातावरण सिर्जना गर्छ । यसबाट देशले तय गरेको सवैका लागि शिक्षा, सविधानले व्यवस्था गरेको सवै नागरिकको शिक्षा पाउने अधिकार तथा सामाजिक न्यायको अवस्था सिर्जना गर्नमा थप मदत पुग्न जान्छ ।

योग्यता प्रारुपको कार्यान्वयन हुँदाको अवस्थामा शिक्षा प्रदायक निकाय र श्रमबजार विचको सुमधुर सम्बन्ध विकास हुन जान्छ । योग्यता, दक्षता, सिप, व्यवहार, प्राविधिक सक्षमता आदि

सवैको चयन गर्दा स्वदेश तथा विदेशमा रहेका श्रम बजारको प्राविधिक तथा प्रशासनिक कार्यका लागि अत्यावश्यक जनशक्ति तयारी र आपूर्तिको आवश्यकतालाई उच्च प्राथमिकता दिइन्छ । त्यसैले राष्ट्रिय योग्यता प्रारुप अनुसारको ज्ञान, सिप, दक्षता, सिकाइ सामग्री, र प्रयोगात्मक अभ्यास जस्ता शैक्षिक क्रियाकलापमहरूमा श्रमबजारको सक्रिय सहभागिता रहन्छ । श्रमबजारले आफूले चाहेको र खोजेको जस्तो जनशक्ति उत्पादन हुन जान्छ । प्रायोगिक अभ्यासहरूमा श्रमबजारले नेतृत्व प्रदान गर्ने वातावरण सिर्जना हुन्छ । सार्वजनिक तथा निजी स्रोतको उच्चतम उपयोग गर्ने अवस्था सिर्जना हुन्छ । यसबाट हाल विद्यमान रहेको शैक्षिक वेरोजगारको अवस्थामा सुधार हुन जान्छ । अन्तर्राष्ट्रिय श्रम बजारले पनि राष्ट्रिय योग्यता प्रारुप अनुसार प्रमाणीकरण भएका ज्ञान, सिप र दक्षताहरूलाई सहजरुपमा स्वीकार गर्ने वातावरण सिर्जना हुन्छ ।

नेपालको सम्विधानले सवै नागरिको शैक्षिक अधिकार सुनिश्चत गरेको छ । त्यसैगरी उचित रोजगारीको अवस्था सिर्जना गर्न,रोजगारमूखी जनशक्ति मार्फत नेपाललाई समृद्ध र सुखी नेपालीको दिगो लक्ष हासिल गर्न, शिक्षाको अहम भूमिका रहन्छ । त्यसैगरी नेपालले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा सवैका लागि गुणस्तरीय शिक्षा तथा सिपविकास र समावेशी शैक्षिक अवस्थाको सुनिश्चतताका लागि पनि शिक्षालाई थप लचिलो, नागरिको समय र चाहना अनुसार पठनपाठन गर्न सकिने र एक प्रकारको शैक्षिक धारबाट तोकिएका सिप तथा दक्षताहरू हासिल भएको सुनिश्चित गरी एकापसमा प्रवेश हुने वातावरण सिर्जना हुँदा सवै नागरिकले चाहे अनुसारको शिक्षा हासिल गर्ने वातावरण सिर्जना हुन्छ । यसको सुनिश्चितता राष्ट्रिय योग्यता प्रारुपको व्यवस्था र यसको उपयुक्त कार्यान्वयबाट सम्भव हुन्छ । यी सवै औचित्यका आधारमा नेपाल सरकारले राष्ट्रिय योग्यता प्रारुपको व्यवस्था कार्यान्वयन गर्न लागेको छ ।

नेपाल सरकारले राष्ट्रिय योग्यता प्रारुपको ढाँचा स्वीकृत गरेको छ । यसबाट योग्यता प्रारुपलाई कार्यान्वयनमा जानु पर्ने अवस्था आएको छ । त्यसैगरी राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ले पनि अनौपचारिक तथा बैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान तथा सिपलाई परीक्षण तथा प्रमाणीकरण गरी औपचारिक शिक्षामा प्रवेश गर्ने गरी पहुँचको व्यवस्थालाई बढी सहज बनाउने नीतिगत व्यवस्था गरेको अवस्था छ। यसबाट राष्ट्रिय योग्यता प्रारुपलाई कार्यान्वयनमा जानु पर्ने अवस्था भएकाले पनि कसरी कुन प्रक्रियाबाट कस्तो सरचना मार्फत कुन कुन निकाय मार्फत कार्यान्वयनमा जाने जस्ता विषयहरूमा स्पस्ट दिशा तय गर्न अत्यावश्यक भएकाले यो अध्ययन गरिएको छ । यसले राष्ट्रिय योग्यता प्रारुपलाई कार्यान्वयनमा लैजानका लागि अवलम्बन गर्न पर्ने अन्तरिम व्यवस्था तथा दीर्घकालीन

उपायहरू पहिचान गर्ने भएकाले सरकारलाई थप नीतिगत, कानूनी, सरचनागत,र प्रक्रियागत व्यवस्था गर्न यो अध्ययन प्रतिवेदन एक प्रमुख आधारका रुपमा रहन्छ ।

## !=$ ljBdfg sfgb'gL tyf cGo gLltut Joj:yf

### राष्ट्रिय शिक्षा नीति २०७६

राष्ट्रिय शिक्षा नीति २०७६ले राष्ट्रिय योग्यता प्रारुपका बारेमा नीतिगत व्यवस्थाका साथै अन्य रणनीतिहरू तय गरेर प्रारुपको कार्यान्वयनलाई जोड दिएको अवस्था रहेको छ । यसमा तय भएको नीतिगत व्यवस्थामा स्पस्ट रुपमा औपचारिक अनौपचारिक र अनियमित शिक्षा बीच  योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्ने कुरा उल्लेख गरेको छ । त्यसैगरी साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेशा एवम् व्यावसाय, सामाजिक जिवन र सहभागितासँग आवद्ध गर्ने र औपचारिक तथा अनौपचारिकरुपमा प्राप्त गरेको सिपको परीक्षण र प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने रणनीतिहरू तय गरेको छ । यसले राष्ट्रिय योग्यता प्रारुपको कार्यान्वयन पक्षलाई जोड दिएको अवस्था रहेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले अनौपचारिक, खुला र परम्परागत विद्यालयवाट प्रदान गरिने शिक्षालाइ राष्ट्रिय शिक्षा प्रणालीमा आवद्द गरी औपचारिक विद्यालयको शिक्षाको समकक्षी वनाउने नीतिगत व्यवस्था गरी कानूनीरुपमा प्रारुप कार्यान्वयनको बाटो खोलिदिएको अवस्था रहेको छ ।

### राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६

अनौपचारीक तहबाट हासिल ज्ञान तथा सिप परीक्षण तथा प्रमाणीकरण गरिने नीतिगत व्यवस्था,विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रमप्रारूप, २०७६ ले अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका र औपचारिक विद्यालय शिक्षामा समावेश हुन इच्छुक व्यक्तिलाई उनीहरूको शैक्षिक अवस्थाको प्रमाणीकरणका आधारमा औपचारिक शिक्षामा प्रवेशको अवसर खुला गर्ने नीति र सिकारुको पूर्व अनुभवलाई समेटी पाठ्यक्रमलाई लचिलो बनाउने प्रावधान राखेको छ । यो नीतिगत व्यवस्थालाई हालसम्म कार्यन्वयनमा ल्याएको अवस्था नभएकाले यसको कार्यान्वयनको ढाँचा तथा कार्य प्रक्रिया तय हुन अत्यावश्क छ । राष्ट्रिय योग्यता प्रारुपको कार्यान्वयनबाट यो नीति पनि सहजरुपमा कार्यान्वयनमा जान्छ ।

## राष्ट्रिय योग्यता प्रारुपको ढाचा २०७७

नेपाल सरकारले हालै मात्र राष्ट्रिय योग्यता प्रारुपको ढाँचा स्वीकृत गरी कार्यान्वयनमा जान शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देश गरेको छ। सरकारबाट स्वीकृत ढाँचाले सवै प्रकारबाट हासिल भएका सिकाइ ज्ञान तथा सिपलाई योग्यता प्रारुपको कार्यान्वयन मार्फत स्तरीकरण, प्रमाणीकरण तथा विभिन्न शैक्षिक धारहरूको पारगम्यता कायम गरी दक्ष सिपयुक्त रोजगारमुखी नागरिक तयार गर्ने नीतिगत सङ्कल्प गरेको अवस्था छ।


राष्ट्रिय योग्यता प्रारुपको ढाँचाकोलाई सैद्धान्तिक स्वीकृतिः नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७७।१।१९ बाट राष्ट्रिय योग्यता प्रारूपको ढाँचा २०७७ स्वीकृत गरी कार्यानवयनमा जाने नीतिगत व्यवस्था भएको छ। यस ढाँचाले कानून बनाउन सरचनागत व्यवस्था गर्न कार्यान्वयनका प्रक्रियाहरू निर्धारण गर्न राष्ट्रिय योग्यता प्रारुपलाई अन्तिम रुप प्रदान गरी समग्र शिक्षापद्दतिलाई व्यवस्थित गर्न आवश्यक जनशक्तिको प्रक्षेपण गर्न सैद्धान्तिक सहमती प्रदान गरेर राष्ट्रिय योग्यता प्रारुपलाई व्यवस्थित गर्ने नीतिगत व्यवसथा अग्रसारित गरेको छ।

सवै प्रकारका शिक्षामा समतामूलक पहुँच सुनिश्चत गर्ने, गुणस्तर सुधार र व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने, व्यावसायिक रोजगारमूलक सिपमूलक तथा गुणस्तरीय शिक्षा मार्फत दक्ष प्रतिस्पर्धि उद्यमी र समाजिक रुपान्तरणमा सक्रिय योगदान गर्न सक्ने नागरिक तयारीका लागि योग्यता प्रारुपलाई व्यवस्थित गर्ने सोचका साथ ढाँचालाई अग्रसारित गरेको अवस्था देखिन्छ। त्यसैगरी राष्ट्रिय शिक्षा प्रणाली तथा योग्यताको प्रमाणीकरणलाई अन्तर्राष्ट्रिय क्षेत्रमा पनि मान्यता पाउने अवस्थासहितको नविनतम सोचका साथ योग्यता प्रारुपलाई अगाडि बढाएको अवस्था छ।

प्रारुपले सवै प्रकारको शिक्षाको पहुँचलाई सहज बनाउन सिकाइलाई बढी लचिलो बनाउने, सान्दर्भिक एवम् गुणस्तरीय बनाउने उद्देश्य तय गरेको छ। एक प्रकारको शैक्षिक धार बाट अर्को प्रकारको शैक्षिक धारमा प्रवेश गर्ने अवस्था सिर्जना गर्ने, अनौपचारिक रुपमा हासिल ज्ञान, सिप तथा योग्यताको प्रमाणीकरण गरी औपचारिक शिक्षामा प्रवेश हने अवस्था सिर्जना गर्ने, योग्यता प्रमाणीकरण गर्ने प्रणाली स्थापना गर्ने, विभिन्न प्रकारका समस्या तथा वाधाहरूबाट सिकाइ गर्न नसकेका सिकारुको शैक्षिक निरन्तरता प्रदान गर्ने र शिक्षा र श्रमबजारवीच सुमधुर सम्बन्ध स्थापित गरी शिक्षालाई थप व्यवस्थित गर्ने जस्ता उद्देश्यहरूका साथ राष्ट्रिय योग्यता प्रारुपलाई कार्यान्वयनमा ल्याउने प्रतिवद्धता जाहेर गरेको अवस्था देखिन्छ।

योग्यता प्रारुप ढाँचाले प्रारुप कार्यान्वयनका लागि केही व्यवस्था अनिवार्य हुने गरी प्रक्रियासमेत स्वीकृत गरेको छ । जसअनुसार राष्ट्रिय योग्यता प्रारुप विकास गर्नं पर्ने छ । प्रारुप अनुसार प्रमाणीकरण गर्ने कार्यलाई कानुनी वैधता प्रदान गर्न आवश्यक कानुनी व्यवस्था गरी कार्यान्वयवनमा ल्यउनु पर्ने छ । प्रारुप कार्यान्वयनका लागि अत्यावश्यक संरचना तयार गरी आवश्यक जनशक्ति व्यवस्थापन र तिनको क्षमता विकास गर्नं पर्ने छ । प्रमाणीकरण सम्बन्धी व्यवस्थाकालागि प्रमाणीकरण परीक्षणको प्रकार, परीक्षण तालिका जस्ता पक्षहरू यकिन गरी कार्यान्वयनमा ल्याउनु पर्ने छ । यी सवै कार्यहरूका लागि अत्यावश्यक सस्थागत तथा पेशागत सक्षमता विकास गरी राष्ट्रिय योग्यता प्रारुपलाई कार्यान्वयनमा ल्याउनु पर्ने अवस्था रहेको छ ।

स्वीकृत ढाँचाले तत्काल राष्ट्रिय योग्यता प्रारुपलाई अन्तिम रुप दिनु पर्ने कार्यान्वयनलाई कानुनी वैधता दिन अत्यावश्यक कानुन निर्माण गर्ने, कानुन अनुसारको कार्य सम्पन्न गर्न आवश्यक सरचना विकास गर्ने र विकसित सरचना अनुसार प्रारुपले निर्दिष्ट गरे अनुसारका प्राविधिक कार्य गर्न सक्षम जनशक्ति तयार गर्ने र प्रमाणीकरण परीक्षण जस्ता कार्यहरूलाई निरन्तरता दिने कार्यतालिका तयार गरी अगाडी वढ्न स्पष्टरुपमा निर्दिष्ट गरेको अवस्था देखिन्छ ।



## अनौपचारिक तथा वैकल्पिक शिक्षा राष्ट्रिय योग्यता प्रारूप

यो प्रारूप राष्ट्रिय शिक्षा नीति २०७६, नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७७।१।१९ बाट स्वीकृत भएको राष्ट्रिय योग्यता प्रारूप २०७७ को सैद्धान्तिक पक्ष, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ को दफा १४ र १५ एवम् अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली २०७७ को नियम १३ र १४ का प्रावधान, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा रहेको विद्यालय शिक्षाको तहगत सिकाइ क्षमता स्तर र विशेष गरी १५ वर्ष माथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारुलाई मध्यनजर राखेर विकास गरिएको अवस्था देखिन्छ ।

शिक्षा तथा मानवस्रोत विकास केन्द्रले अनौपचारिक तथा वैकल्पिक शिक्षा सम्बन्धी राष्ट्रिय योग्यता प्रारुपमा समावेश गर्ने गरी विज्ञसमूहको परिचालन गरी एक प्रारम्भिक खाका तयार गरेको अवस्था छ । यसले अनौपचारिक तहका लागि विभिन्न सिकाइका क्षेत्रहरू परिभाषित गरेको छ । तह १ को लागि भाषा र संचार, व्यवहारिक समस्या समाधान, हाम्रो परिवेश र नागरिक चेतना गरी तीनओटा सिकाई क्षेत्रहरू कायम गरिएको छ । तह २ र ३ का लागि भाषा र संचार, व्यवहारिक समस्या समाधान, जीवन, जगत र प्रविधि, समाजिक व्यवहार र मूल्य मान्यता र स्वास्थ जीवनशैली र सृजनात्मक कला गरी पाँच ओटा सिकाई क्षेत्रहरू कायम गरिएको छ । त्यसैगरी तह ४ का लागि भाषा र संचार, व्यवहारिक समस्या समाधान, समानज र मानवीय सम्बन्ध र विज्ञान, प्रविधि र अनुसन्धान गरी चारओटा सिकाई क्षेत्र कायम गरिएको छ । सिकाइ उपलब्धिहरू हासिल गर्न सकिने गरी विषयवस्तुका क्षेत्रहरू पहिचान गरेको अवस्था छ । सिकारुले सिकाइ उपलब्धि अनुसारको सिकाइ भयो वा भएन भनेर लेखाजोखा गर्न मूल्याङ्कनका आधारहरू तय गरेको छ । यसरी मूल्याङ्कनका आधारहरू तय गर्दा हालको पाठ्यक्रमले तय गरेका मूल्याङ्कनका आधारलाईनै लिएको अवस्था छ । यसलाई राष्ट्रिय योग्यता प्रारुपअनुसार तहगत सक्षमताको विस्तृतिकरणमा ढाल्ने र उक्त तहगत सक्षमतालाई अन्तराष्ट्रिय तह र मानक अनुसार भयो भएन भनेर तुलना गर्ने कार्यलाई अन्तिम रुप दिन जरुरी देखिन्छ । यो तह पूरा गरेका र योग्यताको प्रमाणीकरण भएका व्यक्तिहरू  हाल श्रमबजारमा उपलब्ध पेसा तथा पदका लागि योग्य रहन्छन भन्ने कुराको पनि यस योग्यता प्रारुपले स्पष्ट रुपमा किटानी गर्नअत्यावश्क देखिन्छ ।  यसलाई अन्तिम स्वरुप प्रदान गर्न र  कार्यान्वयवनमा ल्याउन पर्ने अवस्था देखिन्छ ।

अनौपचारिक शिक्षाका सम्बन्धमा प्रस्तावित सिकाइ सक्षमता, सिकाइ मूल्याङ्कन तथा मापदण्डका आधारमा योग्यता प्रारुप कार्यान्वयनलाई सहजता प्रदान गर्न शिक्षा तथा मानवस्रोत विकास केन्द्रले सिकाइ सामग्रीहरू विकास गर्ने कार्य प्रारम्भ गरी सकेको अवस्था देखिन्छ । उक्त सामग्रीहरूको विकासले विद्यालय बाहिर रहेका र हालसम्म विद्यालय जान

नसकेका र विद्यालय शिक्षा पूरा गर्न नसकेका व्यक्तिहरूले सङ्गठित सस्थाहरूको सहयोग र सहकार्य वा स्वस्फूर्त रुपमा स्वाध्यायन गरी राष्ट्रिय योग्यता प्रारुपले तय गरे अनुसारको परीक्षण कार्यमा सहभागी हुन थप मदत पुग्ने अवस्था छ । यसबाट उनीहरूले अनौ पचारिक तथा व्यावहारिक रुपमानै सिकाइ गर्ने अवसर खुला हुन्छ। प्रमाणीकरण पश्चात् औ पचारिक शिक्षामा प्रवेश गर्ने अवसर प्राप्त हुन जान्छ। नेपाल सरकारले गरेको सबैका लागि गुणस्तरीय एवम् समावेशी शिक्षा तथा जीवनपर्यन्त सिप विकासको लक्ष पूरा गर्न यस प्रकारको व्यवस्थाले थप सहयोग पुग्न जान्छ।

## विद्यालय शिक्षा क्षेत्रको योजना सन् २०२१ देखि २०३०
(School Education Sector Plan)

नेपाल सरकारले विद्यालय क्षेत्र विकास कार्यक्रमको समाप्ति सँगै नयाँ शैक्षिक दृष्टिकोणका साथ नेपालले विश्वसमुदायमा प्रस्तुत गरेको शैक्षिक प्रतिवद्धता पूरा गर्न आगामी सन् २०३० सम्मको नयाँ शिक्षा क्षेत्रकको योजना तय गरी रहेको छ । विश्वसहश्राव्दी विकास लक्ष अनुसारको शैक्षिक लक्ष हासिल गर्ने अभिप्रायका साथ यो योजना तयारी भइरहेको छ।

यो योजनाले आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने दीर्घकालीन सोच लिएको छ । त्यसैगरी एक्काइशौ शताव्दीको आवश्यकतालाई सम्बोधन तथा अवसर लाई उपयोग गर्न सक्ने, नेपाली मूल्यमान्यताप्रति सचेत तथा समता र समावेशितालाई आत्मसाथ गर्ने नागरिक तयार गर्ने ध्येय लिएको छ । गुणस्तरीय विद्याल शिक्षालाई अधिकारका रुपमा स्थापित गर्ने, सबैका लागि सहज शैक्षिक पहुँचको सुनिश्चितता गर्ने, समता र समावेशिता प्रवर्धन गर्ने समग्र उद्देश्यकासाथ विद्यालय क्षेत्र शिक्षा योजनालाई अग्रसारित गरिएको छ।  यो योजनाले साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइलाई जोड दिएको छ। शिक्षालाई बढी सान्दर्भिक बनाउने लक्ष तय गरेको छ। विद्यालय सुशासनलाई सिकारुको सिकाइप्रति बढी जवाफदेही बनाउने उद्देश्य लिएको छ । सिर्जनशील, सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिवद्ध, रोजगार उन्मुख नागरिक तयार गर्ने प्रतिवद्धता तय गरेको छ। त्यसैगरी विद्यमान अवस्थामा समतामूलक पहूँच र समावेशि सहभागितालाई सुनिश्चित गर्ने लक्षसमेत लिएको छ। विद्यालय वातवारणलाई भय, विभेद रहित र दूर्व्यवहारमुक्त बनाउने उद्देश्य तय गरेको छ।बालबालिकाहरूले बालमैत्री सिकाइको अवसर पाउने पक्ष सुनिश्चित गरेको छ। आपतकालीन समयमा पनि सिकारुले निरन्तररुपमा सिक्न पाउने अवस्था सिर्जना गर्ने उद्देश्यका साथ यो योजना अगाडी बढ्ने क्रममा रहेको छ।

योजनाले सरकारले गरेको गुणस्तरीय शिक्षाको सहज पहुँचको सुनिश्चितता, अधिकारमा आधारित माध्यमिक शिक्षा, समावेशी तथा समतामा आधारित शिक्षा, लैङ्गिक  सन्तुलन, शिक्षाको सान्दर्भिकता, रोजगारउन्मुख शिक्षा, शैक्षिक सुशासन, गुणस्तरीय प्राविधिकशिक्षा आदि पक्षहरूमा प्रदान गरेको उच्च प्राथमिकताले राष्ट्रिय योग्यता प्रारुपको कार्यान्वयनमा सहजता नै ल्याउने देखिन्छ ।

राष्ट्रिय योग्यता प्रारुपका सन्दर्भमा योजनाले केही नीतिगत तथा रणनीतिगत व्यवस्थालाई समावेश गरेको अवस्था रहेको छ । स्वीकृत राष्ट्रिय योग्यता प्रारुप अनुसार सस्थागत तथा कानुनी सरचना तयार गर्ने, परीक्षण तथा प्रमाणीकरण गर्ने पद्दति स्थापित गर्ने, विविध प्रकारबाट हासिल गरेका ज्ञान सिप तथा सिकाइको प्रमाणीकरण तथा समकक्षता निर्धारण गर्ने, कार्यलाई योजनाको मुख्य रणनीतिक क्षेत्रमा समावेश गरेको देखिन्छ । त्यसै गरी योग्यता प्रारुप अनुसार ज्ञान तथा सिप परीक्षण कार्यलाई थप व्यवस्थित गर्न निर्देशिका तयार गर्ने र मुलत अनौपचारिक तवरबाट हासिल दक्षता प्रमाणीकरण र समकक्षा प्रदान गर्ने पक्षलाई प्राथिमकता दिएको अवस्था देखिन्छ । प्रक्रियागत निर्देशिका  तयार गरी राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनमा लैजाने कुरालाई प्राथमिकता दिएको छ । यसका लागि सघीय तहमा प्रारुप कार्यान्वयन सम्यन्त्र स्थापना गर्ने पक्षलाई जोड दिएको अवस्था छ । तर योजनाले तय गरेका परिलक्षित सूचक तथा कार्यान्वयन योजना तथा वजेट व्यवस्थापन पक्षमा भने नयाँ विद्यालय शिक्षा क्षेत्र योजनाले उच्च प्राथमिकता दिएको अवस्था छैन ।

## !=%    dfGotf tyf ;dsIftf

राष्ट्रिय योग्यता प्रारुपको व्यवस्था पश्चात् मान्यता तथा समकक्षताको कार्य पनि प्रारुपमार्फत् सञ्चालन हुने गर्छ । यसरी मान्यता प्रदान गर्दा मूलत प्रारुपले तय गरेका ज्ञान सिप तथा दक्षताहरू र अभिवृत्तिको विश्वसनीय प्रक्रिया अवलम्बन गरी गर्ने गरिन्छ। हाल सम्म स्वदेशी तथा विदेशी विश्वविद्यालयहरूले प्रदान गरेका योग्यताहरूलाई भिन्न भिन्न निकायहरूबाट हुदै आएको छ ।

मान्यता तथा समकक्षता समितिः शिक्षा नियमावली २०५९ को नियम ३८ माध्यमिक तह कक्षा १२ सम्मको शैक्षिक योग्यताको समकक्षता तथा मान्यताका लागि एक मानयता तथा समकक्षता समितको व्यवस्था गरेको छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको सहसचिवको अध्यक्षतामा गठन भएको यस समितिलाई वैदेशिक प्राज्ञिक सस्थाबाट माध्यमिक शिक्षा सरह परीक्षा उच्तीर्ण गरी प्राप्त गरेको प्रमाणपत्र वा उपाधिलाई मान्यता तथा समकक्षता

निर्धारण गर्ने अधिकार रहेको छ। यस समितिको सदस्य सचिवमा पाठ्यक्रम विकास केन्द्रको महानिर्देशक रहने व्यवस्था रहेको र यसको सचिवालयको काम समेत पाठ्यक्रम विकास केन्द्रामा रहेकाले माध्यमिक तह सम्मको समकक्षताको काम केन्द्रबाट हुँदै आएको छ।

राष्ट्रिय सिप परीक्षण वोर्डः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी समकक्षता तथा प्रमाणीकरणका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक परिषद् ऐन २०४५ को दफा ६ ले परिषदलाई अधिकार दिएको छ। यही कानुनी प्रावधान अनुसार परिषदले विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूले सञ्चालन गरी आएका सेवाकालीन तथा पूर्व सेवाकालीन प्राविधिक तथा व्यावसायिक तालिम पाठ्यक्रममा सामञ्जस्य ल्याई त्यस्ता तालिमको राष्ट्रिय स्तरमा मूल्याङ्कन गरी स्तर निर्धारण गर्ने र मान्यता प्रदान गर्ने कार्य गर्दै आएको छ। यसका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद अन्तरगत राष्ट्रिय सिप परीक्षण वोर्डको व्यवस्था रहेको छ र यसले प्राविधिक शिक्षा तथा व्यावसियक सिप परीक्षण कार्यलाई निरन्तरता दिदै आएको छ।

त्यसैगरी उच्च शिक्षाका योग्यताहरूको मान्यता तथा समकक्षताका लागि त्रिभूवन विश्व विद्यालय जिम्मेवार निकायका रुपमा रहदै आएको छ। पाठ्यक्रम विकास केन्द्र त्रिभूवन विश्व विद्यालयले उच्च शिक्षाका सवै योग्यताहरूको समकक्षता तथा मान्यता सम्बन्धी कार्य गर्दै आएको छ।

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले विगत देखि नै अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। कतिपय कार्यक्रमहरूलाई औपचारिक पाठ्यक्रमलाई कन्डेन्स गरी लचक बनाइ औपाचारिक तथा अनौपचारिक दुवै तरिकाबाट सिकाइ सञ्चालन गर्दै आएको छ। कार्यक्रमहरूको समकक्षता तथा मान्यता सम्बन्धित विद्यालयबाट सञ्चालित परीक्षाबाट हुँदै आएको छ। परीक्षण नतिजाका आधारमा उच्च कक्षाहरूमा भर्ना भइ औपचारिक शिक्षामा निरन्तरता प्रदान गर्ने अवसर प्रदान हुँदै आएका छन्। तर साधारण शिक्षाबाट प्राविधिक र प्राविधिक धारबाट सधारण धारमा प्रवेश हुने गरी योग्यताको परीक्षण तथा प्रमाणीकरण गर्ने व्यवस्था भने कार्यान्वयनमा आएको अवस्था छैन। यो समस्याको समाधान राष्ट्रिय योग्यता प्रारुपको व्यवस्थाबाट हुन्छ। यसरी पूर्व सिकाइलाई पनि परीक्षण तथा प्रमाणीकरण गरी समकक्षता प्रदान गरिने भएकाले यसका लागि प्रारुपमा विशेष प्रवन्ध गरिनु अत्यावश्यक हुन्छ।

परीक्षण,प्रमाणीकरण तथा समकक्षता प्रदान गर्ने व्यवस्थाले शैक्षिक निरन्तरता प्रदान गर्छ । यस पद्दतिबाट सिकारुलाई दुई प्रकारको फाईदा हुन्छ । पहिलो, उच्च शिक्षामा निरन्तरता प्रदान गर्ने बाटो खुला हुन्छ । दोस्रो, प्रमाणीकरणबाट उनीहरूमा भएको ज्ञान सिप दक्षताको अवस्था पहिचान तथा स्तरीकृत हुन्छ ।  उक्त योग्यताको श्रमबजारमा उपलब्ध पेसागत अवसरसँग आवद्ध पनि हुने भएकाले रोजगारीका अवसर प्राप्त हुन्छ । त्यसैगरी रोजगार दातहरूले पनि सिप तथा दक्षता राष्ट्रिय रुपमा नै आधिधारिक निकायबाट प्रमाणित गरिने भएकाले सहजरुपमा सिपको स्तरअनुसारका काममा लगाउन सहज हुन्छ । यसबाट वैदेशिक रोजगारीका अवसरहरू पनि प्राप्त हुन्छन् । परीक्षण प्रमाणीकरण तथा स्तरीकरणबाट कति पाठ्य घण्टा बरावरको सिकाइ भएको छ र त्यो कुन तहमा पर्छ त्यसका आधारमा उच्च शिक्षामा प्रवेश गर्न कुन प्रकारको ब्रिज कोर्षमा सहभागी हुनु पर्छ भन्ने कुराहरू पहिचान हुने भएकाले यसले सिकारुलाई र शिक्षा पद्दिलाई नै सहज बनाउने गर्छ । विदेशी विश्वविद्यालय वा शैक्षिक प्रतिष्ठानहरूबाट प्रापत शैक्षिक योग्यतालाई नेपालको राष्ट्रिय योग्यता प्रारुपले तय गरे अनुसारको तह र स्तरमा समकक्षता प्रदान गर्नँ पर्ने हुन्छ ।  त्यसैले समकक्षता तथा प्रमाणीकरण एक महत्वपूर्ण कार्यका रुपमा रहन्छ ।

## राष्ट्रिय योग्यता प्रारूप २०७७ को कार्यान्वयन सम्बन्धी समिति

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/११/१३ को मन्त्री स्तरीय निर्णयानुसार देहाय वमोजिमको राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयन संयोजन समिति तगठन गरेको छ

१. संयोजक, महानिर्देशक, शिक्षा तथा मानवस्रोत विकास केन्द्र
२. सदस्य, सहसचिव, विद्यालय शिक्षा महाशाखा, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
३. सदस्य, महानिर्देशक वा महानिर्देशकले तोकेको निर्देशक, पाठ्यक्रम विकास केन्द्र
४. सदस्य, उपमहानिर्देशक, शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा महाशाखा, शिक्षा तथा मानव स्रोतविकास केन्द्र
५. सदस्य, महाशाखा प्रमुख, समकक्षता तथा सम्वन्धन हेर्ने,प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्
६. सदस्य, अधिकृत प्रतिनिधि, राष्ट्रिय परीक्षा वोर्ड
७. सदस्य, अनौपचारिक शिक्षा एवम् वैकल्पिक शिक्षा विज्ञ, समितिले तोकेका २ जना
८. सदस्य सचिव, शाखा प्रम'ख,अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखा , शिक्षा तथा मानव स्रोतविकास केन्द्र

यस समितिलाई देहायबमोजिमका कार्य जिम्मेवारी प्रदान गरेको अवस्था छः

- राष्ट्रिय योग्यता प्रारुप कार्यावयनका लागि कानुनी तथा संगठनात्मक विषयमा स्पष्ट अवधारणा तयार गरी मन्त्रालयमा प्रतिवेदन गर्ने ।
- अनौपचारिक, वैकल्पिक एवम् आजीवनसिकाइ सँग सम्वन्धित निश्चित मापदण्ड पुरा गरेका सामग्रीहरूको अभिलेख कायम गरी प्रमाणित गर्ने ।
- तात्कालीन अनौपचारिक शिक्षाकेन्द्रवाट विकास भएका वा प्रक्रिया शुरु भई अ( न्तमिकरण हुन वाँकि रहेका तहगत सक्षमता र स्रोत सामग्रीहरू स्वीकृत गर्ने ।
- अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइका लागि संस्थागत सञ्जाल निर्माण गरी परिचालन गर्ने गराउने ।
- खुला शिक्षा प्रणालीवाट कक्षा १० सम्म सञ्चालन भएका विद्यालयहरू मध्ये प्रत्येक प्रदेशवाट १/१ वटा विद्यालयलाई कक्षा ११ र १२ सम्म सञ्चालन गर्न आवश्यक मापदण्ड विकास गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने
- खुला तथा वैकल्पिक शिक्षा (अनौपचारिक प्रौढ विद्यालय तथा परम्परागत विद्यालय) माध्यमवाट सञ्चालन भएका विद्यालयहरूको अवस्था अध्ययन गरी संस्थागतक्षमता अभिवृद्धि एवम् प्रवर्धनात्मक कार्यका लागि सहजीकरण गर्ने

मन्त्रालयबाट गठित उक्त समितिको कार्य जिम्मवेवारी मूलतः अनौपाचारिक तथा वैकल्पिक शिक्षा मार्फत हासिल ज्ञान तथा सिपको समकक्षता तथा प्रमाणीकरणका लागि बढी जिम्मेवारी प्रदान गरेको अवस्था छ । यसबाट राष्ट्रिय योग्यता प्रारुपअनुसार समग्र तह र स्तर अनुसारको योग्यताको परीक्षण तथा प्रमाणीकरण गर्ने कार्य हुन सक्ने अवस्था देखिदैन । त्यसैले राष्ट्रिय योग्यता प्रारुपलाई कसरी कार्यान्वयनमा लैजाने भन्ने पक्षका विषयमा थप स्पस्टता कायम हुन जरुरी छ । सरचना कस्तो हुने ? हाल भइरहेका संरचनालाई के कसरी पुनरसंरचना गर्ने? कुन कुन तहको कार्य जिम्मेवारी के कस्तो हुने? कुन कुन तहसम्मको परीक्षण तथा प्रमाणीकरण कुन कुन निकायले गर्ने? परीक्षण तथा प्रमाणीकरण विधि तथा प्रक्रिया के कस्तो हुने ? लगायतका पक्षहरूमा समान धारणा तथा प्रक्रियागत व्यवस्थाका बारेमा स्पस्टता भएकोअवस्था छैन । यसकालगि पनि सम्बद्ध सवैमा योग्यता प्रारुप कार्यान्वयनका सम्बन्धमा समान धारणा विकास गरी प्रारुपलाई कायान्वयनमा लैजान अत्यावश्यक देखिन आएको छ । त्यसै गरी आगामी दिनमा अवलम्बन गर्न पर्ने कार्यहरू पनि पहिचान हुन जरुरी भएको छ । यसका लागि पनि यो अध्ययन कार्य र प्रतिवेदनले थप मदत गर्नेछ ।

## १.६ राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास

यो अध्ययन प्रतिवेदन मूलतः राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयन सम्बन्धमा सुझावहरू प्रस्तुत गर्ने भएकाले अन्य देशहरूमा प्रारुप कार्यान्वयन के कसरी गरिएको छ भनेर केही मुलुकको अभ्यासलाई यहाँ चर्चा गरिएको छ ।

भारतः भारतमा राष्ट्रिय योग्यता प्रारुपलाई कार्यान्वयनमा ल्याइएको छ । योग्यता प्रारुपको कार्यान्वयनका लागि आवश्यक कानुनी तथा सरचनात्मक प्रवन्ध गरेको छ । योग्यता प्रारुप कार्यान्वयनका लागि राष्ट्रिय तहमा National Skills Development Agency को स्थापना गरेको छ । यसलाई प्रारुप कार्यान्वयनको जिम्मेवारी प्रदान गरिएकोछ। विशेषतः गुणस्तर सुनिश्चित गर्ने, अन्य पेसागत सस्थाहरूलाई सहजीकरण गर्ने जस्ता जिम्मेवारी प्रदान गरेको छ । त्यसैगरी क्षेत्रगत सिप परिषदहरू (Sector Skills Council) को व्यवस्था गरेको छ । यस्ता परिषदहरू उद्योगसँग सम्बन्धित राष्ट्रिय साझेदार सस्थाकारुपमा विकसित गरिएको छ। राष्ट्रिय सिप तथा योग्यता समितिको व्यवस्थासमेत गरिएको छ । प्रारुपको कार्यान्वयन तथा नेतृत्वका लागि भने नियमित रुपमा सम्बद्ध मन्त्रालय तथा सरकारी नियमनकारी निकायहरूलाई जिम्मेवारी तय गरी प्रारुपलाई कार्यान्वयनमा ल्याएको छ।

स्रोतः Indian National Standard Qualification Framework, 2013

इन्डोनेशियाः इन्डोनेशियाले राष्ट्रिय योग्यता प्रारुपलाई कार्यान्वयनमा ल्याएको छ। यसको कार्यान्वयनका लागि ल्बतष्यलर्बा त्तगबषिष्अबतष्यल द्ययबचम को व्यवस्था गरेको छ । यसले मूलतः योग्यताप्रारुपको कार्यान्वयन सम्बन्धी कार्य गर्छ । कार्यान्वयन सयन्त्र विकास गर्ने परीक्षण तथा अन्य पेसागत निकायहरूलाई पेसागत सहयोग गर्ने प्रक्रियामा सहजीकरण गर्ने योग्यता प्रारुपमा डिस्कृप्टरहरू, निर्देशिकाहरू, मानकहरू तय गर्ने लगायतका कार्य जिम्मेवारी यो वोर्डलाई प्रदान गरेको अवस्था रहेको छ। त्यसै गरी प्रारुप कार्यान्वयनका लागि National Accreditation Board, National Standards of Education Board, National Professional Certification Board जस्ता निकायहरूलाई परिचालन गरिएको छ ।

स्रोतः Indonesian Qualification Framework, 2012

कम्वोडीयाः कम्वोडियामा राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनमा रहेको छ । यसका लागि राष्ट्रिय तहमा सुप्रिम काउन्सिल अफ एडुकेशन अन्तरगत (Cambodian Qualification Authority) गठन गरिएको छ । यसले विशेषतः नियमन गुणस्तर व्यवस्थापन कार्यान्वयनको प्रमाणीकरण र योग्यता प्रारुप विकासको जिम्मेवारी वहन गर्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी प्राविधिक शिक्षा तथा व्यावसायिक सिपका लागि National Training Board लाई नै National Qualification Authority का रुपमा कार्य गर्ने जिम्मेवारी प्रदान गरिएको अवस्था छ।

मलेशियाः मलेशियाले सन २००७ माः Malaysian Qualification Agency Act मार्फत Malaysian Qualification Agency गठन गरी राष्ट्रिय योग्यता प्रारुपलाई कार्यान्वयनमा ल्याएको हो । यसलाई प्रारुप कार्यान्वयनको मुख्य भूमिका प्रदान गरिएको छ। गुणस्तर मापदण्ड विकास गर्ने कार्यान्वयनका क्रममा मापदण्ड सुनिश्चित गर्ने योग्यता प्रमाणीकरण गर्ने जस्ता जिम्मेवारी प्रदान गरिएको छ ।

स्रोतः ASEAN Qualification Reference Framework (AQRF), 2019

माथिको अन्तर्राष्ट्रिय अभ्यासहरूलाई हेर्दा राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनका लागि देहायका व्यवस्था हुन पर्ने देखिन्छः

१ कानूनको निर्माण र कानून द्वारा नै प्रारुप कार्यान्वयन गर्ने निकायको व्यवस्था

२ कानूनबाट नै योग्यता प्रारुप कार्यान्वयन गर्ने निकायको सरचना तथा कार्य जिम्मेवारीको किटानी

३ कानून द्वारा नै प्रारुप कार्यान्वयसँग सम्बन्धित अन्य अभ्यासमा रहेका र प्रचलित कानून द्वारा स्थापित नियमनकारी निकायको काम कर्तव्यको व्यवस्था

४ अलग्गै सयन्त्रको व्यवस्थाका साथै नियमित नियमन सयन्त्रको सक्रिय सहभागितामा राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनको व्यवस्था

५ प्राविधिक तथा व्यावसायिक शिक्षा तर्फको योग्यता परीक्षण तथा प्रमाणीकरणका लागि राष्ट्रिय योग्यता प्रारुप सम्बन्धी कार्यगर्ने आधिकारिक निकाय मातहत रहने गरी प्राविधिक समितिको व्यवस्था

## १.७ अध्ययन विधि

यो अध्ययन मूलतः गुणस्तरीय अनुसन्धानमा आधारित गरिएको । यस अन्तर्गत देहाय बमो जिमका विधि तथा प्रक्रिया र साधनहरू अवलम्बन गरिएको छ

**सन्दर्भ सामग्रीहरूको पुनरावलोकनः**

राष्ट्रिय योग्यता प्रारुपसँग सम्बन्धित विभिन्न दस्तावेजहरूको अध्ययन गरिएको छ। यसमा मूलत नीतिगत व्यवस्था भावी योजना भइरहेका प्रगतिसँग सम्बन्धित दस्तावेजहरू अध्ययन गरी राष्ट्रिय योग्यता प्रारुपको कार्यान्ययनका सम्बन्धमा लिन सकिने नीतिगत सरचनागत

तथा सस्थागत सक्षमता र योग्यता प्रारुपको कार्यान्वयन प्रक्रियाकाबारेमा स्पष्ट धारणा विकास गरिएको थियो ।

**अनौपचारिक शिक्षाको क्षेत्रमा कार्यरत सरोकारवालाहरू विच कार्यशाला सञ्चालनः**
अनौपारिक क्षिक्षाको क्षेत्रमा कार्यरत निकायका पदाधिकारीहरूविच कार्यशाला सञ्चालन गरी राष्ट्रिय योग्यता प्रारुपको प्रभावकारी कार्यान्वयनका लागि अत्यावश्यक कानून सरचना प्रमाणीकरण विधि तथा तालिका आवश्यक सक्षमता लगायतका विषयक्षेत्रहरूका आवश्यक पृष्टपोषण सङ्कलन गरिएको थियो । यसमा मूलतः साक्षरता शिक्षा प्रारम्भिक वालविकास शिक्षा समावेशी शिक्षा जस्ता क्षेत्रहरूमा कार्यरत गैरसरकारी निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

**विज्ञ समूह छलफलः**
अनौपचारिक क्षेत्रमा कार्यरत तथा प्राविधिध शिक्षा तर्फकार्यरत विज्ञहरूविच अन्तरक्रिया सञ्चालन गरिएको थियो । विज्ञहरूबाट योग्यता प्रारुको प्रभावकारी कार्यान्वयनका लागि अत्यावश्यक कानून निर्माण अधिकार सम्मन्न स्वत्नत्र परीक्षरण प्राधिकरण आवश्यक सरचनागत व्यवस्था अत्यावश्यक सक्षमता र सक्षमता विकासका तरिकाहरू परीक्षण तथा प्रमाणीकरण प्रक्रिया तथा कार्यतालिका लगायतका विषयक्षेत्रहरूमा आवश्यक पृष्ठपोषण सङ्कलन गरिएको थियो ।

**नीति निर्माताहरू विच छलफल तथा अन्तरक्रियाः**
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मावनस्रोत विकास केन्द्रमा कार्यरत विज्ञहरूसँग अध्ययनको मस्यौदामाथि अन्तर्क्रिया सञ्चालन भएको थियो । अन्तरक्रियामा प्रारुपलाई कसरी अन्तिम रुप प्रदान गर्ने प्रारुप कार्यान्वयन गर्न कानून बनाउने कस्तो स्वरुपको सरचना र जनशक्ति व्यवस्थापन गर्ने कस्तो कार्य प्रक्रिया र तालिका अनुसार परीक्षण तथा प्रमाणीकरण गर्ने जस्ता विषयक्षेत्रहरूमा आवश्यक पृष्ठपोषण सङ्कलन गरिएको थियो ।

**प्रतिवेदन प्रस्तुतीकरण तथा पृष्ठपोषण सङ्कलनः**
प्रारम्भिक मस्यौदालाई सम्बन्धित सरोकारवालाहरूविच प्रस्तुत गर्ने र आवश्यक पृष्ठपोषण सङ्कलन गरी प्रतिवेदनमा आवश्यक सुधार गर्ने कार्य सम्पन्न गरिएको थियो ।

## v08 b0{

# राष्ट्रिय योग्यता प्रारुप २०७७

# तह पाँचसम्मको व्याख्या तथा प्रस्तावित रणनीतिक कार्यहरू

## @=! of]Uotf k|?ksf] txut JofVof

राष्ट्रिय योग्यता प्रारुपले तय गरेका तह स्तरका लागि निश्चित रुपमा सक्षमताहरूको व्याख्या गरिनु पर्छ । यसले प्रारुपका आधारमा स्तरीकृत परीक्षण सञ्चालन तथा प्रमाणीकरण समकक्षताको अवस्था यकिन गर्न सहयोग गर्छ । साथै पूर्व सिकाइको लेखाजोखा गर्न उल्लो तहको शैक्षिक निरन्तरता प्रदान गर्न र श्रमबजारमा उपलब्ध पेसा तथा व्यवसायमा प्रवेश गरी प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सक्षम छ वा छैन भनेर यकिन गर्नं पर्ने भएकाले यसप्रकारको व्याख्या जरुरी हुन्छ । यसबाट सिकारुमा के कस्ता सक्षमताहरू हासिल भएका छन् वा छैनन र उनीहरू उपल्लो तहमा निरन्तरताका लागि सक्षम छन् वा छैनन भनेर निर्णय गर्न सकिन्छ । त्यसैगरी उनीहरू एक धारको शिक्षाबाट अर्को धारको शिक्षामा प्रवेश गर्नका लागि कुन प्रकारको ब्रिज कोर्षमा सहभागी हुनु पर्छ भनेर उक्त कोर्षमा सहभागि हुन र शैक्षिक तथा व्यावसायिक क्षेत्रमा निरन्तरता प्रदान गर्न सहयोग पुग्छ ।

| **तह** | **योग्यताको तहगत व्याख्या** |
|---|---|
| एक | आधारभूत ज्ञान तथा सिप भएको । सामाजीकीकरण सम्बन्धी ज्ञान तथा सिप भएको । सामान्य रुपमा घरयासी तथा दैनिक कार्यहरू गर्न आवश्यक ज्ञान तथा सिप भएको । तोकिएका सहज र सरल कार्यहरू गर्न र सामान्य निर्देशन अनुसरण गरी सामान्य कार्यहरू गर्न अत्यावश्यक ज्ञान, सिप तथा सोचभएको । |
| दुई | आफ्नो कार्य क्षेत्रसँग सम्बन्धी सूचना तथा तत्थ्याङ्कका बारेमा जानकारी भएको । विषय क्षेत्र वा कार्यसँग सम्बन्धित सामान्य प्रक्रिया र विधिबारे मा जानकारी भएको । दैनिक जीवनका सामान्य समस्याहरू पहिचान गरी सुपरीवेक्षकको सहयोगमा समाधान गर्न सक्ने । सूचनाहरू जानकारीहरू सहज रुपमा ग्रहण गरी तिनको सञ्चार गर्न सक्ने र दैनिक जीवनमा प्रयोगमा ल्याउन सक्ने सिप भएको । सामन्य निर्देशन तथा सहयोगमा सम्बन्धित कार्यका लागि तय भएका सामान्य साधन तथा प्रक्रिया अवलम्बन गर्न सक्ने । उपल्लो तहको शिक्षामा निरन्तरता दिन अत्यावश्क ज्ञान तथा सिप भएको । |

| | |
|---|---|
| तीन | तत्थ्यपरक सूचना सम्बन्धी ज्ञान तथा सिप भएको ज्ञान तथा सिपलाई व्यवहारमा प्रयोग गर्न सक्ने आफ्नो अध्ययनको विषयसग र पेसा वा सामान्य व्यवसायसँग सम्बन्धित अवधारणा प्रक्रिया बारेमा जानकार । सिकेका ज्ञान तथा सिपलाई तिनलाई व्यवहार तथा कार्यक्षेत्रमा उपयोग गर्न सक्षम । दैनिक जीवन तथा पेसा वा व्यवसायसँग सम्बन्धित सामान्य समस्या र चुनोतीहरू पहिचान गर्न र तिनको समाधान गर्न सक्ने । सिकाइ घरयासी व्यवहार वा पेसा तथा व्यवसायका सम्बन्धमा जानकार व्यक्तिको सहयोग लिन सक्ने र उल्लो तहको लागि अत्यावश्यक ज्ञान तथा सिप भएको । |
| चार | अध्ययनका विषय, पेसा वा व्यवसायसँग सम्बन्धित विषयमा सैद्दान्तिक ज्ञान भएको । सिकाइ तथा कार्यसँग सम्बन्धित समस्याहरू समाधानका विधि प्रक्रिया र साधनहरू तय गरी उपयोग गर्न सक्ने सिप भएको । सान्दर्भिक सूचनाको विश्लेषण गरी व्यवहारमा उपयोग गर्न सक्ने कला भएको । निर्देशन तथा सुझावका आधारमा आफ्नो सिकाइ र कार्यलाई निरन्तरता दिन सक्ने । स्वतन्त्ररुपमा अध्ययन तथा व्यवसायलाई निरन्तरता प्रदान गर्न सकक्षम। अन्य साथी तथा समुदायमा सूचना तथा सन्देशहरू सहजरुपमा प्रवाह गर्न सक्ने र आधुनिक प्रविधिको महत्वकाबारेमा व्याख्या गर्न सक्ने। माथिल्लो तहको शिक्षाको निरन्तरता र उपल्लो तहको व्यावसायिक सिप विकासका लागि अत्यावश्यक ज्ञान तथा सिप भएको । |
| पाँच | सिकाइका विषयक्षेत्ररु र पेसा तथा व्यवसाय सम्बन्धी सैद्धान्तिक ज्ञान भएको र तिनको सामान्य व्याख्या तथा विवेचना गर्न सक्ने । सम्बन्धित पेसाका लागि अत्यावश्यक सिप भएको । सिकाइ प्रक्रियाका र पेसा तथा व्यवसायसँग सम्बन्धित समस्याहरू सहज रुपमा समाधान गर्न सने । सिकेका ज्ञान तथा सिपलाई जीवनमा वा अन्य पेसागत कार्य वातावरणमा प्रयोग गर्न सक्ने । अन्य साथीहरूलाई ज्ञान तथा सिप विकासमा सहजरुपमा सहजीकरण गर्न सक्ने । व्यावसायिक परियोजनाहरू स्वात्नत्र रुपमा छनोट गर्न सक्ने । दै निक व्यवहार तथा पेसागत समस्याहरू परिवारको तथा अन्य व्यक्तिको वा सुपरीवेक्षकको सहयोगमा समाधान गर्न सक्ने । सूचना तथा प्रविधिलाई सिकाइ तथा कार्यवातावरणमा प्रयोगमा ल्याउन सक्ने सक्षमता भएको । उपल्लो तहको शिक्षाको निरन्तरताका लागि अत्यावश्यक ज्ञान तथा सिप भएको । |

## @=@ /fli6«o of]Uotf k|?k sfof{Gjog;DaGwL cGtl/d Joj:yfsf nflu k|:tfljt /0fgLlts sfo{x¿

राष्ट्रिय योग्यता प्रारुपको सफल कार्यान्वयनका सन्दर्भमा गरिएको सन्दर्भ सामग्रीहरूको पुनरावलोन विभिन्न सरोकारवालाहरू विच भएको अन्तरक्रिया छलफल तथा पृष्ठपोषणका आधारमा यो खण्डमा केही निस्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ । सुझावहरूलाई राष्ट्रिय योग्यता प्रारुप कानुनी व्यवस्था अत्यावश्यक सयन्त्र अत्यावश्यक सस्थागत सक्षमता र प्रारुप कार्यान्वयनका लागि उपयोगी अन्य सुझावहरू उपशिर्षकमा व्यवस्थित गरिएको छ । यस खण्डलाई दुई प्रकारबाट प्रस्तुत गरिएको छ । पहिलो अन्तरिम व्यवस्थापनका लागि अत्यावश्यक रणनीतिक कार्यहरू र दोस्रो कानूनद्वारा व्यवस्थित गरिने दीर्घकालिन रुपमा गरिनु पर्ने रणनीतिक कार्यहरूलाई प्रस्तुत गरिएको छ ।

राष्ट्रिय योग्यता प्रारुपको प्रभावकरी कार्यान्वयनका लागि अलग्गै कानूनी व्यवस्था अत्यावश्यक हुन्छ । यसकालागि केही समय लाग्ने हुन्छ । तसर्थ राष्ट्रिय योग्यता प्रारुप अनुसार विद्यालय तह सम्मको योग्यता परीक्षण तथा प्रमाणीकरण गर्न र दीर्घकालीन रुपमा गर्न पर्ने अत्यावश्यक प्रक्रिया सम्पन्न गर्न अत्यावश्यक रणनीतिक कार्यहरू यथाशीध्र कार्यान्(वयनमा लैजान उपयुक्त हुछ । त्यसैले यसका लागि देहाय अनुसारका अन्तरिम रणनीतिक कार्यहरू सम्पन्न गर्नजरुरी छ ।

### २.२.१ राष्ट्रिय योग्यता प्रारुपलाई अन्तिमरुप प्रदान गर्ने

विभिन्न सरोकारवालाहरूले राष्ट्रिय योग्यता प्रारुपलाई राम्ररी आत्मसाथ गरेको अवस्था देखिएन । यो वास्तवमा के हो? किन अत्यावश्यक छ ? यो कसरी कार्यान्वयनमा जान्छ ? भन्ने पक्षहरूमा सम्बद्ध सवैमा स्पष्ट वुझाइ विकास भएको अवस्था छैन । शिक्षा क्षेत्रमा कार्यरत नीति निर्माताहरूका मिश्रित बुझाइ रहेको अवस्था छ । योग्यता प्रारुपका बारेमा सुनेको तर यो कुन रुपमा विकसित भएको छ यसको औचित्य के किन यो आवश्यक परेको हो र यो कुन अवस्थामा छ भन्ने बारेमा स्पष्ट जानकारी नभएको अवस्था पनि देखिएको छ ।

मन्त्रालय तहमा कार्यरत पदाधिकारीहरूका अनुसार योग्यता प्रारुपको सही कार्यान्वयनका लागि मन्त्रालय बढी प्रतिवद्ध हुनु पर्ने कुरा जोड तोडका साथ आएको थियो । प्रारुप आफै पूर्ण हुन सकेको छैन । एकातिर नेपाल सरकारले सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ भने अर्को तर्फ जुन रुपमा प्राथमिकताका साथ योग्यता प्रारुप तयार गरी अन्य प्रक्रियाहरूको थालनी हुनु पर्ने हो सो भएको अवस्था देखिएन ।

नेपाल सरकारले सैद्धान्तिक स्वीकृति मात्र दिएको  त्यसका आधारमा तत्काल गर्ने पर्ने कार्यहरू जस्तै  प्रारुपलाई अन्तिम रुप दिने, यसको कार्यन्वयनका लागि अत्यावश्यक कानून तयार गर्ने, कार्य प्रक्रिया निश्चित गर्ने जस्ता कार्यहरू तत्काल गर्नँ अत्यावश्यक देखिएको छ। प्रारुपलाई अन्तिम रुप दिन प्रत्येक तहका ज्ञान सिप तथा अभिवृत्तिसँग सम्बन्धित सक्षमताहरू यकिन गर्न जरुरी हुन्छ। त्यसैगरि प्रत्येक तहकालागि प्राविधिक सिपसँग सम्बन्धित सक्षमता र तिनको क्रेडिट घण्टासमेत यकिन गरिनु पर्छ। परिक्षणका सम्भावित  विधि तथा प्रक्रिया चयन गरी प्रारुपमा व्यवस्थित हुनु पर्छ। परीक्षण गर्दा अवलम्बन गर्नँ पर्ने सिद्धान्तहरू पनि यकिन गरी प्रारुपमा समावेश गरी प्रारुपलाई अन्तिम रुप प्रदान गर्नँ पर्छ।

### २.२.२ विद्यालय शिक्षा क्षेत्रको योजना सन् २०२१ देखि २०३० मा प्रारुप कार्यान्वयन सम्बन्धी व्यवस्था थप गर्ने

हालै मात्र विकासको क्रममा रहेको र अन्तिम अवस्थामा पुगेको विद्यालय शिक्षा क्षेत्रको यो जना २०२१ देखि २०३० मा राष्ट्रिय योग्यता प्रारुपको कार्यान्वयन पक्षले  विशेष प्राथिमकता पाएको देखिएन। एकातिर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा तथा मानवस्रो त विकास केन्द्र राष्ट्रिय योग्यता प्रारुपका सम्बन्धमा कार्य गरी रहने तर दीर्घकालीन शिक्षा योजनामा यो विषयलाई कार्यान्वयन गर्ने रणनीति तथा कार्यक्रमले प्राथमिकता प्राप्त नहुने अवस्था आउदा योग्यता प्रारुप सहि रुपमा कार्यान्वयनमा जान सक्ने अवस्था देखिदैन। त्यसै ले विद्यालय शिक्षा क्षेत्रको योजनामा राष्ट्रिय योग्यता प्रारुपको कार्यान्वयनका सम्बन्धमा अत्यावश्यक क्रियाकलापहरू जस्तै प्रारुपलाई अन्तिम रुप प्रदान गर्ने, कार्यान्वयनका लागि अत्यावश्यक संरचना अन्तरगतका निकायहरूको जिम्मेवारी तय गर्ने, अत्यावश्यक जनशक्ति व्यवस्थापन गर्ने तथा तिनको सक्षमता विकास गर्ने आदि विषयहरूमा आवश्यक रणनिति, कार्य नीति तथा कार्यक्रमहरू समावेश गर्न अत्यावश्यक छ।

### २.२.३ राष्ट्रिय योग्यता प्रारुप सम्बन्धमा समान धारणाको विकास गर्ने

मन्त्रालय र मातहतका सवै निकायहरूमा राष्ट्रिय योग्यता प्रारुपका बारेमा साझा धारणा विकास गर्ने। के हो किन आवश्यक पर्यो के कसरि कार्यान्वयनमा जान्छ कार्यान्वयनमा जादा कस कसको के कस्तो भूमिका रहन्छ भन्ने पक्षहरूमा साझा धारणा विकास भएको अवस्था देखिएन। कतिपय स्थानीय सरकार तथा प्रदेश सरकारमा कार्यरत कर्मचारी तथा पदाधिकारीहरू योग्यता प्रारुपका बारेमा अनभिज्ञता जाहेर गरेको अवस्था छ। उद्योगपतिहरू विच पनि यसको अवधारणा तथा महत्वका बारेमा कुनै जानकारी भएको अवस्था देखिएन। त्यसैले सरकारी गैरसरकारी तथा उद्योग व्यवसायीहरू विच समान धारणा विकास गर्न पर्ने अवस्था टड्कारो रुपमा अगाडी आएको छ।

### २.२.४ प्राविधिक तथा व्यावसायिक शिक्षा तर्फको राष्ट्रिय योग्यता प्रारुप विच सह सम्बन्ध स्थापित गर्ने

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम तर्फ पनि योग्यता प्रारुपका लागि दीर्धकालीन परियोजना सञ्चालनमा रहेको अवस्था विद्यमान छ । एकातर्फ समग्र राष्ट्रिय योग्यता प्रारुप तयारीको क्रममा रहने र अर्को तर्फ परियोजनाका रुपमा नै समान प्रकृतिको कामका लागि अलग परियोजना सञ्चालन रहेको अवस्थामा मन्त्रालयले उचित सहसम्बन्ध तथा सहकार्य गरी राष्ट्रिय योग्यता प्रारुपलाई तत्काल अन्तिम रुपम प्रदान गर्न सान्दर्भिक देखिन आएको छ ।

### २.२.५ तहगत सक्षमता विकास गर्ने

पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय योग्यता प्रारुपले व्याख्या गरेको योग्यताको परिसीमा मा र ही प्रत्येक तहका लागि अत्यावश्यक ज्ञान, सिप तथा अभिवृत्तिसँग सम्बन्धित सक्षमताहरू परि भाषित गर्न जरुरी छ । यसरी विकसित सक्षमताहरूका आधारमा राष्ट्रिय योग्यता प्रारुपलाई अन्तिम रुप प्रदान गर्न साधारण र प्राविधिक शिक्षाविच हुने सक्षमता खाडल यकिन गरी पारगम्यताका लागि अत्यावश्यक मोड्युलर व्रिज कोर्षहरू तय गर्न सहजता पुग्न जान्छ । यसरी विकसित तहगत सक्षमतालाई नेपाल सरकारबाट स्वीकृत गराइ तिनको प्रवोधिकरण गर्ने कार्य हुन अत्यावश्यक छ ।

### २.२.६ व्रिज कोर्ष सञ्चालन गर्ने निकायको स्वीकृति र गुणस्तर व्यवस्थापन गर्ने

राष्ट्रिय योग्यता प्रारुपको कार्यान्वयका क्रममा विभिन्न प्रकारका व्रिजकोर्षहरू सञ्चालन गर्न पर्ने हुन्छ । यसकालागि गुणस्तरीय तालिम प्रदायक सस्थाहरूको सञ्चालन तथा व्यवस्थापन जरुरी हुन्छ । राष्ट्रिय योग्यता प्रारुप वोर्डले यस्ता तालिम प्रदायक सस्थाहरूको भौतिक सङ्गठनात्मक जनशक्ति र प्रयोगशाला समेतको लेखाजोखा गरी व्रिज कोर्ष सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक स्वीकृति प्रदान गर्ने व्यवस्था हुनु जरुरी हुन्छ ।

### २.२.७ सुपरीवेक्षण तथा मूल्याङ्कन पद्दतिलाई संस्थागत गर्ने

तालिम प्रदायक तथा अन्य शैक्षिक प्रतिष्ठानहरूले सिकारुको चाहना तथा योग्यता प्रारुपले तय गरेअनुसार ज्ञान, सिप तथा अभिवृत्ति विकास हुने गरी शिक्षण तथा प्रशिक्षण गर्नु पर्छ । यसप्रकार शिक्षण वा प्रशिक्षण भए नभएको बारेमा निरन्तर रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नु पर्छ । यसकालागि राष्ट्रिय योग्यता प्रारुप वोर्ड मातहत एक सुपरीवेक्षण तथा मूल्याङ्कन पद्दति स्थापित गरी कार्यान्वयनमा ल्याउनु पर्छ । साथै योग्यताको मूल्याङ्कन प्रमाणीकरण तथा वैधतासम्बन्धी प्रकृयाहरूको पनि सूक्ष्मरुपमा सुपरिवेक्षण गरी समयमै समस्या भए

तिनको निराकरणका उपायहरू सुझाव दिई सुधारमा जानु नितान्त जरुरी हुने भएकाले सुपरीवेक्षण तथा मूल्याङ्कन पद्दतिलाई सुदृढ तथा प्रभावकारी बनाउनु पर्छ ।

### २.२.८ राष्ट्रिय योग्यता प्रारुपको गुणस्तर व्यवस्थापन

राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनमा आएपछि योग्यता र त्यससँग सम्बन्धित सक्षमता सँगै परिभाषित हुन्छ । त्यसैले यसको विकास क्रममा गुणस्तर व्यवस्थापन पक्षको सुनिश्चत गरिनु अत्यावश्यक हुन्छ । यसका लागी देहायका क्रियाकलापहरू सञ्चालन हुन जरुरी छः

क) व्यक्ति तथा श्रमबजारको आवश्यकता अनुसार प्रारुपका सक्षमता र क्रेडिट घण्टा तय गर्ने । यसका लागि श्रमबजारको सक्रिय सहभागितामा तहगत सक्षमताहरू तय गर्ने व्यवस्था गरिनु पर्छ ।

ख) योग्यताको मानक तयार गर्ने । सवै मानकहरूलाई सिकाइमा आवद्ध गर्ने । मानकलाई सिप तथा पेसागत सक्षमतासँग मिलाउने । शिक्षण तथा प्रशिक्षण कार्यलाई सिकाइ उपलब्धिमा जोड्ने गरी शिक्षण विधि, प्रक्रिया तथा मूल्याङ्कनलाई व्यवस्थित गर्ने ।

ग) योग्यता प्रारुप अनुसारको गुणस्तरीय सेवा प्रवाह तथा गुण व्यवस्थापनका लागि अत्यावश्यक सक्षमता विकास गर्ने

घ) योग्यता प्रारुप कार्यान्वयन, परीक्षण तथा प्रमाणीकरण एवम् ब्रिजकोर्ष सञ्चालन गर्ने निकायहरूको नियमन तथा गुणस्तरीयता कायम गर्नका लागि अत्यावश्यक सुपरीवेक्षण तथा अनुगमन सयन्त्र विकास गरी कार्यान्वयनमा ल्याउने

ङ) तालिम प्रदायक निकायहरूको गुणस्तरीय तालिम सञ्चालनका आधारहरू तय गरी तिनको सुनिश्चित हुने निकायहरूलाई मात्र व्यावसायिक शिक्षा तथा तालिम सञ्चालन तथा पारगम्यताका लागि अत्यावश्यक ब्रिज कोर्ष सञ्चालन हुने अवस्था सुनिश्चित गर्ने

### २.२.९ अनौपचारिक शिक्षा तर्फ कार्यक्रम सञ्चालन गर्ने निकाय तथा कार्यक्रकमहरूको नक्शाङ्कन गर्ने

अनौपचारिक शिक्षा साक्षरता शिक्षा सञ्चालन गर्ने विभिन्न गैर सरकारी निकायहरूको नक्शाङ्कन गरी उनीहरूबाट सञ्चालनमा ल्याएका प्याकेज तथा कार्यक्रममा समन्वय स्थापित गरी एकरुपता कायम गर्न जरुरी छ । राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनलाई सहजता प्रदान गर्ने गरी तालिम तथा शैक्षिक प्याकेजहरू प्रयोगमा ल्याउने वातावरण सिर्जना हुन जरुरी दे खिन्छ ।

### २.२.१० राष्ट्रिय योगयता प्रारुपसम्बन्धी व्यवस्थाको वृहतरुपमा प्रचारप्रसार गर्ने

योग्यता प्रारुपको महत्व यसले समग्र शिक्षा पद्दतिलाई व्यवस्थित गरेको पक्ष सिकारुका

पूर्व सिकाइको मूल्याङ्कन तथा प्रमाणीकरण गरी औपचारिक शिक्षा तथा औपचारिक शिक्षा, प्राविधिक तथा व्यावसायिक धारबाट एक-अर्को धारमा सहजरुपमा प्रवेश पाउने कानूनी व्यवस्था, योग्यता प्रारुप कार्यान्वयनबाट उत्पादित जनशक्तिले सहजरुपमा स्वदेशी बजारमा प्रवेश पाउन सक्ने अवसर तथा विदेशी श्रमबजारले समेत गर्ने मान्यता आदिका बारेमा सम्पूर्ण सरोकारवालाहरू विच वृहत रुपमा प्रचार प्रसार गर्न जरुरी छ। यसले सवैको प्रारुप कार्यान्वयनमा सक्रिय सहयोग प्राप्त हुने अवस्था सिर्जना हुन्छ।

### २.२.११ कानूनी प्रवन्धपर्ने

#### कानून निर्माण गर्ने

राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनका लागि अत्यावश्यक कानून निर्माण गर्ने । सघीय शिक्षा ऐनको तर्जमा भइ रहेको सन्दर्भमा योग्यता प्रारुपको कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्थालाई तत्काल समावेश गरी कानून निर्माण प्रक्रियालाई शीघ्रता प्रदान गर्नं पर्ने हुन्छ। सघीय कानूनले नसमेट्ने अवस्थामा राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनका लागि छुट्टै कानून निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्छ। यसरी निर्माण हुने कानूनले स्पष्टरुपमा योग्यता प्रारुप कार्यान्वयन गर्ने अलग तथा स्वतन्त्र निकाय बनाउने कुराको सुनिश्चितता गर्नं पर्ने हुन्छ। कानूनी प्रवन्ध गर्दा सघीय सरकाले सम्पादन गर्ने, प्रदेश सरकारले सम्पादन गर्ने, तथा तालिम प्रदायक संस्थाहरू समेतको काम कर्तव्य र अधिकारलाई सुनिश्चित गर्नं पर्ने हुन्छ।

हाल प्रारम्भिक मस्यौदाका रुपमा रहेको सङ्घीय शिक्षा ऐनले राष्ट्रिय योग्यता प्रारुका सम्बन्धमा स्पस्ट व्यवस्था  गर्न अत्यावश्यक छ। प्रारुप कार्यान्वयनको अधिकार सम्पन्न निकायको व्यवस्था कानूनी रुपमा नै हुन जरुरी छ। यसले अत्यावश्यक जनशक्ति तयारी तथा व्यवस्थापन गर्न, आधिकारिक कार्यान्वयन सयन्त्र विकास गर्न, अत्यावश्यक नियमावली तथा निर्देशिकाहरू जारी गरी प्रारुप कार्यान्वयनलाई वैधता प्रदान गर्छ। यसबाट प्रारुप कार्यान्वयन व्यवस्थालाई प्रभावकारी बनाइ अपेक्षित लक्ष हासिल हुन जान्छ। यसका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तत्काल प्राविधिक समिति तय गरी सङ्घीय शिक्षा ऐनमा आवश्यक व्यवस्था गर्नं अत्यावश्यक छ।

#### सान्दर्भिक कानूनहरूको संशोधन गर्ने

राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयन सम्बन्धी कानून निर्माणसँगै यस सँग सम्बन्धित अन्य कानूनहरूको सशोधन अत्यावश्यक हुन्छ। यसका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद सम्बन्धी ऐन, राष्ट्रिय परीक्षा वोर्ड सम्बन्धी ऐन तथा अन्य विश्वविद्यालय सम्बन्धी ऐनहरू संशोधन गरी राष्ट्रिय योग्यता प्रारुप सम्बन्धी काम कर्तव्य अधिकार तथा

अन्य व्यवस्थाहरू गर्न अत्यावश्यक हुन्छ । अत सान्दर्भिक ऐन तथा कानून सशोधन कार्य प्रारम्भ गर्न जरुरी छ ।

**शिक्षा नियमावलीमा आवश्यक संशोधन गर्ने**

कानूनलाई कार्यान्वयन गर्न विद्यमान शिक्षा नियमावलीसमेत सम्शोधन गर्न जरुरी हुन्छ । विद्यमान शिक्षा नियमावलीले यसलाई व्यवस्था नगरेको सन्दर्भमा योग्यता प्रारुपको कार्यान्वयनका क्रममा कार्यान्वयनमा सम्लग्न निकाय तथा पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार, योग्यता प्रारुप अनुसार सञ्चालन गरिने परीक्षण विधिको व्याख्या, परीक्षण कार्यतालिका, ब्रिज कोर्षको प्रकार, ब्रिज कोर्ष सञ्चालन गर्ने निकाय र तिनलाई प्रदान गरिने अनुमती सम्बन्धी कार्य प्रक्रिया तथा समयावधि, अनुमती दिने अधिकार प्राप्त व्यक्ति आदि विषयहरूमा स्पष्ट व्यवस्था गर्नँ जरुरी हुन्छ । यसप्रकारको व्यवस्थाले प्रारुपलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहजता हुन्छ ।

**राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयन निर्देशिका विकास गरी कार्यान्वयनमा ल्याउने**

राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयवन सँग सम्बन्धित धेरै पक्षहरूमा स्पस्टता हुन जरुरी छ । कार्यान्वयन प्रक्रिया यकिन गरिनु पर्छ । कार्यान्वयन सम्बन्धी व्यवस्था र निश्चित आधारहरू तय गरिनु पर्छ । योग्यता तथा व्यावसायिक तालिमको गुणस्तर मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउनु पर्छ । गुणस्तर मापदण्डको कार्यान्वयनको सुनिश्चितता गर्नँ पर्ने हुन्छ । साधारण धारबाट प्राविधिक धारमा जान र प्राविधिक धारबाट साधारण धारमा जानका लागि अत्यावश्यक सकक्षमताहरू परीक्षण गर्दा नपुग सक्षमता विकास गर्ने अवसर प्रदान गरिनु पर्छ । यसका लागि विभिन्न प्रकारका ब्रिज कोर्षको व्यवस्था र सञ्चालन गर्नँ पर्ने हुन्छ । यसरी ब्रिज कोर्ष सञ्चालन गर्ने निकायहरू यकिन हुन अत्यावश्यक हुन्छ । परीक्षण सञ्चालन तथा व्यवस्थापन, प्रमाणीकरण प्रक्रिया आदि विषयक्षेत्रहरूमा स्पष्ट व्यवस्था गरिनु पर्ने हुन्छ । यी सवै पक्षहरूको यकिन गरी राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयन निर्देशिका सरकारबाट स्वीकृत गरी जारी गरिनु अत्यावश्यक छ । जानकारी समावेश गरी योग्यता प्रारुप कार्यान्वयन निर्देशिका विकास गर्नँ पर्छ । यसरी विकसित निर्देशिकाको प्रवो धीकरण गरी कार्यान्वयनमा सम्लग्न सवै सरोकारवालाहरू विच समान धारणा विकास गरी प्रारुप कार्यान्वयन प्रक्रियालाई सहज बनाउन जरुरी छ ।

### २.२.१२ कार्यविवरण संशोधन गर्ने

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तरगतको महाशाखामा कार्य जिम्मेवारी थप गर्ने राष्ट्रिय योग्यता प्रारुप सम्बन्धी कानून नीति व्यवस्थापन तथा सङ्गठन सर्भे लगायतका कार्यहरू सम्पन्न गर्ने गरी कार्य जिम्मेवारी थप गर्ने । एक अलग्गै डेक्स निर्माण गरी उपसचिवको नेतृत्वमा योग्यता प्रारुप कार्यान्वयनको समन्वयका लागि जिम्मेवार बनाउने । यसले कानूनी व्यवस्था मापदण्डको स्वीकृति विभिन्न निकायहरू विचको समन्वय आदि कार्यहरूको जिम्मेवारी वहन गर्ने ।

**कार्यान्वयनका लागि जिम्मेवार निकायहरूको कार्य जिम्मेवारीमा संशोधन गर्ने**

राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनमा प्रत्यक्ष रुपमा सम्लग्न हुने निकायहरू जस्तै शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय परीक्षा वोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद लगायतका निकायहरूले गर्ने कार्य जिम्मेवारीमा राष्ट्रिय यो ग्यता प्रारुप सम्बन्धी कार्यविवरण थप गरी कार्यान्वयनका लागि जिम्मेवार बनाइ तत्कालिक अवस्थामा कार्यान्वयनमा जाने ।

**राष्ट्रिय परीक्षा वोर्डको कार्य जिम्मेवारीमा परिमार्जन गर्ने**

कानूनबाट अर्को व्यवस्था नहुदा सम्म राष्ट्रियय परीक्षा वोर्डलाई राष्ट्रिय योग्यता प्रारुप अनुसारको परीक्षण तथा प्रमाणीकरणका लागि जिम्मेवार बनाउन उपयुक्त हुन्छ । राष्ट्रिय योग्यता प्रारुप अनुसार परीक्षण तथा प्रमाणीकरणको प्रक्रिया निर्धार गर्न, आवेदन विधि तथा प्रक्रिया निर्णय गर्न, विद्युतीय आवेदन प्रणाली तथा परीक्षण प्रणाली विकास तथा परीक्षण गर्न प्रमाणीकरणको ढाचा निर्धारण गर्न, अनलाईन कोर्षको मूल्याङ्कन विधि तथा प्रक्रिया र आधारहरू तय गर्न राष्ट्रिय योग्यता प्रारुप कार्यन्वयनममा जिम्मेवार शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय समेतको सहयोगमा उक्त जिम्मेवारी वहन गर्ने गरी कार्यविवरण परिमार्जन गरी कार्यान्वयनमा जान सान्दर्भिक देखिन्छ ।

### २.२.१३ समन्वय सहकार्य तथा सहजीकरणको आवश्यक प्रवन्ध गर्ने

प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षासम्बन्धी राष्ट्रिय योग्यता प्रारुपविच समन्वय गर्ने हाल प्राविधिक शिक्षा तथा व्यावसियक शिक्षासम्बन्धी राष्ट्रिय योग्यता प्रारुपका क्रियाकलापहरूलाई साधारण शिक्षासँग तादाम्यता हुने गरी कार्य भएको अवस्था छैन । यसका लागि प्रत्येक तहको तहगत सक्षमता प्राविधिक तथा साधारण धारको तय गरिनु पर्छ । छुट्टै परियोजनाका रुपमा एकल स्वरुपमा प्राविधिक धारका लागि मात्र कार्य हुने अवस्थाको

अन्त गरिनु पर्छ । उक्त परियोजनालाई प्रत्येक तहको सक्षमता किटानी गर्न, प्रत्येक तहका लागि अत्यावश्यक ब्रिज कोर्ष तयारी गर्न, प्राविधिक तथा साधारण धारतर्फको परीक्षण तथा प्रमाणीकरणका लागि अत्यावश्यक परीक्षक तथा समपरीक्षकहरूको तयारी गर्न, तहगत रुपमा सिप परीक्षण गर्न, सक्षम तालिम प्रदायक संस्थाहरूको कक्शाङ्कन गर्न केन्द्रित गरी राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनका लागि आवश्यक पूर्व तयारीका कार्यहरूमा सक्रिय गराउन अत्यावश्यक छ । साधारण शिक्षा र प्राविधिक शिक्षाका लागि अलग्गै राष्ट्रिय योग्यता प्रारुप बनाउने अभ्यासलाई तत्काल सुधार हुनु जरुरी छ ।

**प्राविधिक तथा व्यावसायिक सिप परीक्षणमा समन्वयात्मक कार्य गर्ने**

हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद अन्तरर्गतको सिप परीक्षण वोर्डले व्यावसियक सिप परीक्षण तथा प्रमाणीकरण गर्दै आएको छ । यसमा समन्वय हुन जरुरी छ । हाललाई राष्ट्रिय परीक्षा वोर्ड तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सहभागिता हुन सकेको अवस्था देखिदैन । अतः परीक्षा वोर्ड तथा शिक्षा तथा मानवस्रोत विकास केन्द्रको समन्वयमा सिप परीक्षण तथा प्रमाणीकरण हुनु सान्दर्भिक देखिन्छ । यसबाट प्राविधिक सिप परीक्षण प्रक्रिया, यसको जटिलता, अत्यावश्यक प्राविधिक दक्षता आदिका बारेमा सिकाइ हुने र तदनुसार पछि एकद्धार प्रणाली मार्फत् राष्ट्रिय योग्यता प्रारुपअनुसार कार्य सम्पादनमा समेत सहजीकरण हुने भएकाले समन्वयको अवस्था सिर्जना हुन जरुरी छ ।

**स्थानीय तहमा परीक्षण तथा प्रमाणीकरणका लागि सहजीकरण गर्ने व्यवस्था मिलाउने**

राष्ट्रिय योग्यता प्रारुपको तल्ला तहको परीक्षण तथा प्रमाणीकरणको जिम्मेवारी स्थानीय तहलाई दिनु उपयुक्त हुन्छ । प्रारुपको तह १ र तह २ का लागि ज्ञान, दक्षता तथा सिप परीक्षण कार्यका लागि उपयुक्त विद्यालयलाई जिम्मेवारी दिनु राम्रो हुन्छ । त्यसैगरी उपर्युक्त सामुदायिक अध्ययन केन्द्रलाई पनि यो जिम्मेवारी प्रदान गर्न सकिन्छ । यसकालगि उनीहरूको सक्षमता अभिवृद्धि गरी परीक्षण प्रक्रिया, यसको गुणस्तर व्यवस्थापन र प्राविधिक पक्ष समेतका बारेमा सक्षमता विकास गरी परीक्षण तथा प्रमाणीकरणको जिम्मा दिने व्यवस्था हुन जरुरी छ । यसरी परीक्षण तथा प्रमाणीकरण गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विकसित राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयन निर्देशिकाको प्रक्रिया र विधि प्रयोग गर्नं पर्छ । साथै प्रमाणीकरण पत्र जारी गर्दा पनि तोकिएको ढाँचाको अवलम्बन गर्न जरुरी हुन्छ ।

**विश्वविद्यालयहरूसँगको समन्वय तथा सहकार्य**

राष्ट्रिय योग्यता प्रारुप अनुसारको व्यवस्थाका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले विभिन्न विश्वविद्यालयहरूसँग समन्वय तथा सहकार्य प्रारम्भ गर्नं पर्छ । उच्च शिक्षाको

राष्ट्रिय योग्यता प्रारुपले तय गरेको योग्यता स्तर अनुसारको परीक्षण तथा प्रमाणीकरणका लागि अवलम्बन गर्नु पर्ने कानुनी सस्थागत तथा संरचानगत व्यवस्थालाई कार्यान्वयनमा ल्याउन आवश्यक प्रवन्ध मिलाउनु पर्छ । उच्च शिक्षा सम्मको प्राविधिक शिक्षा तथा संकायहरूको योग्यता परीक्षण तथा प्रमाणीकरणमा हुने भूमिका पहिचान गरी परिचालन गर्नँ पर्ने हुन्छ ।

### २.२.१४ प्रमाणीकरण सम्बन्धी व्यवस्थाका लागि गर्न' पर्ने कार्यहरू

परीक्षण तथा प्रमाणीकरण राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनको एक महत्वपूर्ण कार्यका रुपमा रहन्छ । शिक्षा प्रदायक सस्था वा अनौपचारिक रुपमा हासिल भएको ज्ञान सिप तथा अभिवृद्धिको विधिवत रुपमा परीक्षण गरी स्तरीकृत गर्नँ पर्छ । यसरी स्तरीकृत गरेर उनीहरूलाई आधिकारिक प्रमाणपत्र जारी गर्नँ पर्छ । यसरी सिकारुका ज्ञान तथा दक्षताको परीक्षण गर्ने, स्तरीकृत गर्ने र प्रमाण पत्र जारी गर्ने कार्यका लागि व्यवस्थित गर्न अत्यावश्यक हुन्छ । त्यसैले राष्ट्रिय योग्यता प्रारुपले यसलाई पनि निर्दिष्ट गर्न जरुरी हुन्छ । यसका लागि देहायका कार्यहरू सम्पन्न गर्न अत्यावश्यक छ :

**प्रमाणीकरणको प्रक्रिया तय गर्ने**

प्रमाणीकरण कसरी गर्ने, सिकारुले आवेदन कसरी गर्ने, आवेदनको स्वरुप के कस्तो हुने, आवे दन कहाँ कहाँ गर्ने, विद्युतीय स्वरुपमा आवेदन गर्न पाउने वा नपाउने, आवेदनको स्वीकृति प्रक्रिया के हुने, आवेदन शुल्क लाग्ने वा नलाग्ने, आवेदनका साथ केकस्ता कागजात वा प्रमाणहरू सम्लग्न गर्नँ पर्ने जस्ता विषयहरू तय गरिनु पर्छ । यसका लागि राष्ट्रिय योग्यता प्रारुपसम्बन्धी कार्य गर्ने निकायले स्पस्ट व्यवस्था गर्नँ जरुरी छ । आवेदन सम्बन्धी विस्तृत प्रक्रिया उल्लेख भएको निर्देशन सहितको दस्तावेज तयार गरी वोर्ड वा प्राधिकरणको विधिवत वेवपेजमा राखिनु पर्छ ।

**परीक्षक तथा सम्परीक्षकहरूको व्यवस्था गर्ने**

राष्ट्रिय योग्यता प्रारुप अनुसार विभिन्न तह र स्तरको परीक्षण तथा प्रमाणीकरणका लागि अत्यावश्यक परीक्षक तथा सम्परीक्षकहरूको व्यवस्था गरिनु पर्छ । परीक्षणका प्रश्नपत्रहरूको तयारी, प्राविधिक सिप परीक्षणका विधि तथा प्रक्रिया निर्धारण तथा प्रयोगात्मक परीक्षण पश्चात गरिने कार्यहरूका लागि अत्यावश्यक परीक्षक तथा सम्परीक्षकहरूको व्यवस्था गरिनु पर्छ । यसका लागि योग्यता प्रारुपले व्यवस्था गरेको स्तर र तह अनुसार अलग अलग समूह तयारी गर्नँ पर्छ । यस्ता परीक्षक तथा सम्परीक्षकहरूको सक्षमता विकास गर्नँ पर्छ । परीक्षण तथा समपरीक्षणको गुणस्तर कायम गर्न उनीहरूलाई सक्षम बनाउनु अत्यावश्यक

हुन्छ । यस्ता परीक्षक तथा समपरीक्षकहरूको रोस्टर तयार गरी समय समयमा अद्यावधिक गर्ने र उनीहरूलाई आवश्यकता अनुसार पुनर्ताजगी तालिमसमेतको व्यवस्था गर्न जरुरी हुन्छ ।

**प्राविधिक सिप तथा दक्षता परीक्षण गर्ने निकाय वा प्रतिस्ठानको चयन गर्ने**

राष्ट्रिय योग्यता प्रारुपले तय गरेका विभिन्न तह र स्तर अनुसारको दक्षता परीक्षणका लागि निश्चित निकाय वा प्रतिस्ठानलाई तयार गर्नं पर्ने हुन्छ । वोर्ड वा प्राधिकरणले यस्ता निकायहरूको नक्शाङ्कन गरी परीक्षण कार्यकालगि तयारी अवस्थामा राख्नु पर्ने हुन्छ । हाल कार्यान्वयनमा रहेका प्राविधिक सिप परीक्षणका लागि पर्याप्त पूर्वाधार भएका प्रतिस्ठान वा निकायलाई समेत जिम्मेवार बनाउनु जरुरी हुन्छ ।

**परीक्षणका लागि तहगत रुपमा सक्षमता मापदण्ड तयारी र प्रवोधीकरण गर्ने**

राष्ट्रिय योग्यता प्रारुपमा प्रत्येक तह र स्तरको सक्षमता मापदण्ड स्पस्ट रुपमा किटानी हुनु जरुरी हुन्छ । यसरी तय भएका तहगत सक्षमता मापदण्डहरूलाई वोर्ड वा प्राधिकरणको आधिकारिक वेवमा राखिनु पर्छ । यसका बारेमा परीक्षण कार्यमा सहभागी हुन आवेदन दिने सवैले के कस्ता सक्षमताहरू परीक्षण हुन्छ र परीक्षणको विधि के कस्तो हुन्छ भन्ने बारेमा पर्याप्त जानकारी सहितको सूचना सामग्री विकास गरी अध्यावधिक गरिनु पर्छ । यसबाट आवेदकले आफूले हालसम्म हासिल गरेको सक्षमता स्व पहिचान गर्न र अत्यावश्यक देखेमा

**पूर्व सिकाइको परीक्षण तथा प्रमाणीकरण सम्बन्धी व्यवस्था गर्ने**

मूलतः तल्ला तहहरूमा बढी पूर्व सिकाइको परीक्षण तथा प्रमाणीकरण गरी पाठ्यघण्टा सक्षमताको तह र उच्च तहको शिक्षाको निरन्तरता वा साधारण शिक्षाबाट प्राविधिक शिक्षाको धारमा जाने निर्णयका लागि अत्यावश्यक स्तर,व्रिजकोर्षमा जानु पर्ने मोडेल लगायतका पक्षहरूमा सिकारुलाई पर्याप्त जानकारी प्रदान गर्न पूर्व सिकाइको परीक्षण तथा प्रमाणीकरण अत्यावश्यक हुन्छ । यसकालागि विशेष प्रक्रिया तथा विधि निर्धारण गरी कार्यान्वयनमा ल्याउनु पर्छ । खास गरी निवेदन प्रक्रिया, परीक्षण  प्रक्रिया, परीक्षण कार्य तालिका, मूल्याङ्कन प्रक्रिया आदि निर्धारण गरी सवैको जानकारीमा ल्याउनु पर्छ ।

**प्रमाणीकरणको निश्चित ढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याउने**

राष्ट्रिय योग्यता प्रारुप अनुसार तोकिएको प्रक्रिया तथा मापदण्ड अनुसारका सक्षमताहरू हासिलभएको अवस्थामा जारी गर्ने प्रमाणपत्रलाई निश्चित स्वरुप प्रदान गरी कार्यान्वयनमा ल्याइनु पर्छ । यसका लागि अन्तराष्ट्रिय अभ्यास तथा विद्यमान अभ्यासमेतलाई विश्लेषण गरी

निर्णयमा पुग्न जरुरी छ । मूलतः योग्यता प्रारुप अन्तरगतको प्रमाण पत्रले राष्ट्रिय तथा अन्तर ाष्ट्रिय क्षेत्रमा नै समकक्षी मान्यता प्राप्त गर्ने भएकाले प्रमाण पत्र जारी गर्दा पाठ्य घण्टा, मुख्य मुख्य सक्षमता,सक्षमताका आधारमा प्रमाणित वा स्तरीकृत गरिएको तह समेत स्पष्ट हुने गरी प्रमाणीकरण गर्दा राम्रो हुन जान्छ । यसका लागि श्रमबजारका प्रतिनिधि, विभिन्न निकाय वा प्रतिष्ठानका प्रतिनिधि, लोक सेवा आयोग, त्रिवि सेवा आयोग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, अन्य निजीस्रोतमा सञ्चालित प्रतिष्ठान वा विश्वविद्यालय अन्तरगतका आयोग, शिक्षा सेवा आयोग लगायतका संस्थाका प्रतिनिधिरहरूको सहभागितामा प्रमाणीकरण ढाँचा तय गर्नु उत्तम हुन्छ ।

**प्रमाणीकरणको निर्णय र प्रमाण पत्र जारी गर्ने**

परीक्षण तथा सम्परीक्षण सक्षमतामा आधारित नतिजाको अवस्था विश्लेषणसमेतका आधार मा प्रमाणीकरण प्रक्रियामा सामेल भएका परीक्षार्थीहरूलाई प्रमाणपत्र जारी गर्ने आधिक( ारिक निर्णय हुनु पर्छ । यसका लागि वोर्डको वैठक बसी निर्णय गरिनु पर्छ । प्राविधिक प्रक्रितिको अलग्गै परीक्षण तथा प्रमाणीकरण समिति गठन गरी यसलाई निर्णय गर्ने निकायका रुपमा विकसित गर्दा राम्रो हुन्छ। यो समितिमा अनिवार्यरुपमा उद्योग वा श्रमवजारबाट योग्यता प्रारुपमा व्यवस्था भएका सक्षमतामापदण्ड अनुसार प्राविधिक दक्षता भएका विज्ञबाट अनिवार्यरुपमा प्रतिनिधित्व गराउनु पर्छ । यस समितिले गरेको निर्णका आधारमा परीक्षार्थीहरूलाई स्वीकृत ढाँचा अनुसार प्रमाणपत्र जारी गर्नु पर्छ ।

**२.२.१५ परीक्षण तथा प्रमाणीकरण गर्ने निकाय**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वार प्रारुप सम्बन्धी परीक्षण तथा प्रमाणीकरण गर्ने समिति राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनका सम्बन्धमा विशेष कानून तथा संरचना व्यवस्थित नहुँदासम्म विद्यालय तहको शिक्षा सरह तह ५ सम्मको योग्यता परीक्षण तथा प्रमाणीकरणका लागि जिम्मेवार बनाउने । यसलाई प्रमाणीरण विधि प्रक्रिया लगायतका विषयमा निर्णय गरी प्रमाणीकरण कार्यलाई सहजीकरण गर्ने जिम्मेवारी प्रदान गर्ने । साथै राष्ट्रिय योग्यता प्रारुपलाई अन्तिम स्वरुप प्रदान गर्ने कार्यमा उक्त समितिलाई परिचालन गर्ने

**समकक्षता तथा प्रमाणीकरण समिति**

शिक्षा नियमावली २०५९ ले व्यवस्था गरेको समकक्षता तथा प्रमाणीकरण समितिलाई कानूनद्वारा अलग्गै सरचना नहुँदा सम्म माध्यमिक शिक्षा सरह तह ५ को वैदेशिक शैक्षिक योग्यताको परीक्षण तथा प्रमाणीकरणको कार्यलाई निरन्तरता दिने ।

**विद्यालय र सामुदायिक केन्द्र तहबाट गरिने योग्यता प्रमाणीकरण**

तल्ला तहहरूको (तह १ र २ सम्मको) योग्यता योग्यताको परीक्षण तथा प्रमाणीकरण कार्यलाई बढी पहुचयोग्य बनाउन,सिकारुलाई सिकाइको कार्यथलो वरपरबाटनै प्रमाणीकरण हुने वातावरण सिर्जना गर्न र स्थानीय सरकारलाई योग्यता परीक्षण तथा प्रमाणीकरण कार्यमा बढी जिम्मेवार बनाउने उद्देश्यका साथ तह २ सम्मको योग्यताको परीक्षण तथा प्रमाणीकरण कार्यको जिम्मेवारी स्थानीय सरकारको समन्वय र नेतृत्वमा सामुदायिक विद्यालय वा सामुदायिक सिकाइ केन्द्रलाई जिम्मेवार बनाउने गरी कार्यान्वयनमा लैजाँदा उपयुक्त हुन्छ ।

**स्थानीय सरकारमा आधारित योग्यता परीक्षण तथा प्रमाणीकरणः**

योग्यता प्रारुप अनुसार तह ३ सम्मको योग्यताको परीक्षण तथा प्रमाणीकरण तोकिएका सामुदायिक विद्यालयको समन्वय र सहकार्यमा स्थानीय सरकार ले गर्ने गरी जिम्मेवारी तथा सयन्त्र विकास हुनु जरुरी छ ।

उपरोक्त अनुसारको योग्यता परीक्षण तथा प्रमाणीकरणका लागि सघले समयमै विद्यालय, सामुदायिक सिकाइ केन्द्र र स्थानीय सरकार सवैको सक्षमता विकास गरिनु पर्छ । यस लाई पूर्व शर्तका रुपमा अग्रसारित गरी सक्षम बनाइ योग्यता प्रारुपको परीक्षण तथा प्रमाणीकरण कार्यलाई व्यवस्थित गर्न जरुरी छ ।

### २.२.१६ सिकाइ सामग्री विकास र सर्वसुलभता कायम गर्ने

**विद्युतीय सिकाइ सामग्री विकास गरी सर्वसुलभ गराउने**

राष्ट्रिय योग्यता प्रारुपको व्यवस्थाले स्वतन्त्र सिकाइको अवसरमा वृद्धि गर्छ । सिकारुले आफ्नो अनुकूलको समयमा काम गर्दै सिक्ने भएकाले पर्याप्त मात्रामा विद्युतीय सिकाइ सामग्री विकास गरी अनलाइन सिकाइ पोर्टलको अवधारणालाई कार्यान्वयनमा ल्याउनु पर्छ । त्यसै गरी अनलाइनमा आधारित स साना अवधिका निश्चित ज्ञान तथा सिपमा केन्द्रित पेसागत तालिम तथा प्रमाणीकरणको व्यवस्था गर्न जरुरी छ ।

**अनलाइनमा आधारित सिकाइ कार्यक्रम विकास गरी सर्वसुलभ गराउने**

सिकारुलाई स्वसिकाइको अवसरमा वृद्धि गर्न विभिन्न प्रकारका अनलाइन कोर्षहरू विकास गरी निःशुल्क रुपमा सहभागी हुन सक्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउने । साथै विभिन्न संस्था, निकाय, तालिम केन्द्र विद्यालयहरूबाट प्रदान हुने अनलाइनमा आधारित कार्यक्रमहरूको सन्दर्भ स्रोतहरू सहजरुपमा व्यवस्थित गर्ने । त्यसका लागि वोर्डमा

अनलाइन कोर्ष सम्बन्धी सूचना र वेवपेज व्यवस्थित गरी सर्वसुभल गराउने । यसबाट सिकारुलाई पर्याप्त सिकाइ सामग्री तथा विद्युतीय सिकाइको अवस्था सुनिश्चत हुन जाने र प्रारुप कार्यान्वयन बढी प्रभावकारी हुन जान्छ । त्यसैले प्रारुप कार्यान्वयनको जिम्मेवारी प्राप्त हुने निकायले यसकालागि आवश्यक कार्यक्रम तथा स्रोतको व्यवस्थापन गर्न जरुरी छ ।

**अनौपचारिक शिक्षा तर्फको पाठ्यक्रम तथा सिकाइ सामग्रीमा सुधार गर्ने**

राष्ट्रिय योग्यता प्रारुपले तय गरेको तहगत सक्षमता, ज्ञान, सिप तथा अभिवृत्तिका आधारमा हाल सञ्चालनमा रहेका सवै तहका अनौपचारिक तथा साक्षरता शिक्षाका पाठ्यक्रम तथा सिकाइ समाग्रीमा सुधार गरी कार्यान्वयनमा ल्याउँदा प्रारुपले तय गरेको तहगत सक्षमता हासिल हुन थप मदत पुग्ने भएकाले तत्काल सुधार गर्न अत्यावश्यक हुन्छ ।

**पुस्तकालयको व्यवस्था**

राष्ट्रिय योग्यता प्रारुप अनुसार तय हुने सक्षमता मापदण्डमा आधारित विभिन्न निकायहरूबाट विकसित विद्युतीय सिकाइ सामग्रीहरूलाई सवैको सर्वसुलभता गराइ स्वसिकाइका अवसरमा अभिवृद्धि गर्ने । हाल सम्म विकसित भएका शैक्षिक सामग्रीहरूलाई विद्युतीय रुपमा रुपान्तरित गरी इ पुस्तकालयलाई स्रोत सम्पन्न गराउने । विभिन्न गैर सरकारी निकायहरूबाट विकसित शैक्षिक सामग्रीहरू प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट विकसित सिकाइ सामग्री तथा श्रमबजारका विभिन्न सिपगत क्षेत्रहरूसँग सम्बन्धित प्रक्रिया साधन तथा अन्य सिकाइ सामग्री सवैलाई एकद्वार पद्दतिमा ल्याई इ पुस्तकालयलाई सिकाइ स्रोतका रुपमा सक्षम बनाउने र तिनको सर्वसुलभ पहुँचको व्यवस्था गर्ने ।

**व्रिजकोर्ष तयारी**

योग्यता प्रारुपले नेपालको शिक्षा पद्दतिलाई आठ तहमा वर्गीकृत गरेको अवस्था छ । यसमा साधारण तथा प्राविधिक तथा व्यावसायिक शिक्षा दुवैको तहगत समकक्षता पनि तय गरेको छ । प्रारुपले अनौपचारिक रुपमा हुने सिकाइलाई पूर्व सिकाइको मान्यताका रुपमा व्यवस्थित गरेको छ । साथै प्राविधिक र साधारण शिक्षाका विभिन्न तहहरूविच हुने सक्षमतागत खाडल पहिचान गरी योग्यता प्रारुप कार्यान्वयनलाई बढी व्यावहारिक एवम् प्रभावकारी बनाउन अत्यावश्यक हुन्छ । यसरी विकास हुने व्रिज कोर्षको कार्यान्वयन कसले गर्ने, सरकारी वा निजी तालिम प्रदायक सस्थाहरूबाट कुन कुन प्रकारका व्रिज कोर्षको व्यवस्थापन गर्ने जस्ता विषयहरू पनि योग्यता प्रारुपबाट निर्दिष्ट हुनु पर्छ । एकधारबाट अर्को धारमा प्रवेश गर्दा आवश्यकताअनुसार व्रिज कोर्श समेत अध्ययन गर्नपर्ने हुन्छ । यसका लागि देहायका कार्यहरू गर्न उपयुक्त हुन्छ ।

- तह चार वा सोभन्दा माथिका योग्यताका लागि सक्षमतामा आधारित अत्यावश्यक व्रिजकोर्षको व्यवस्थालाई कानुनी मान्यता प्रदान गर्ने
- राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनका लागि गठित समितिबाट व्रिजकोर्ष सञ्चालन विधि तथा प्रक्रिया र सञ्चालन गर्ने निकायहरूका बारेमा अत्यावश्यक निर्णय गर्ने
- राष्ट्रिय योग्यता प्रारुपले तय गरेका सक्षमताहरूको प्रवोधीकरण गर्ने र उक्त सक्षमतामा आधारित व्रिज कोर्ष सञ्चालन गर्ने स्वतन्त्रता निजी क्षेत्रलाई प्रदान गर्ने
- निजीक्षेत्रले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तोकको अधिकारी वा निकायबाट अनुमती लिएरमात्र व्रिजकोर्ष सञ्चालन गर्न पाउने कानुनी व्यवस्था गर्ने

### २.२.१७ योग्यता प्रारुप कार्यान्वयनका लागि आर्थिक व्यवस्थापन

राष्ट्रिय योग्यता प्रारुपको कार्यान्वयनका क्रममा पर्याप्त वजेटको व्यवस्था हुन अत्यावश्यक हुन्छ। प्रमाणीकरण प्रक्रिया सञ्चालन र व्यवस्थापन योग्यता प्रारुप कार्यान्वयन कार्य योजना अनुसारका कार्यहरूको सञ्चालन सिकाइ सामग्रीहरूको विकास सक्षमता विकास लगायतमा विभिन्न कार्यहरूकालागि पर्याप्त बजेटको व्यवस्थापन हुन जरुरी छ । त्यसैगरी सिकारुले प्रमाणीकरण प्रकियामा तिर्नँ पर्ने राजस्व रकम निर्धारण लगायतका पक्षहरूको पूर्व किटानी गरी योग्यता प्रारुप कार्यान्वयनका लागि वजेटको व्यवस्थापन हुन जरुरी छ ।

## @=# sfg'gL åf/f bL3{sflns ?kdf ;DkGg ug{kg]{/0fgLlt s sfo{k¿

अध्ययनका क्रममा सवै सरोकारवालाहरू विच छलफल गर्दा राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनका लागि अलग्गै अधिकार सम्पन्न स्वतन्त्र निकाय कानुनी रुपमा नै व्यवस्थित गरी कार्यान्वयनमा जानु पर्ने अवस्था देखिन्छ । हाल विद्यालय तहको र प्राविधिक तहमा डिप्लोमा तह सम्मको परीक्षण तथा मूल्याङ्कन गर्ने निकायहरूबाट मात्र राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनमा सवै तहको परीक्षण तथा प्रमाणीकरण हुन सक्ने अवस्था छैन । यथास्थितिमा योग्यता प्रारुपलाई कार्यान्वयनमा लैजान कठीन हुन्छ। राष्ट्रिय योग्यता प्रारुप समग्र शिक्षा पद्दतिलाई व्यवस्थित गर्ने दस्तावेज भएको र यसले सवै तहको ज्ञान सिप तथा अभिवृत्तिको परीक्षण प्रमाणीकरण गर्ने भएकाले हालको राष्ट्रिय परीक्षा वोर्ड तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम तर्फको सिप परीक्षण वोर्डको सक्षमता पर्याप्त नहुने अवस्था देखिन आएको छ । यस अर्थमा पनि राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनका लागि अलग संरचना अत्यावश्यक देखिन आएको छ। यस सम्बन्धमा अध्ययनका क्रममा प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा देहायबमोजिमको सुझाव प्रस्तुत गरिएको छः

**अधिकार सम्पन्न राष्ट्रिय योग्यता प्रारुप वोर्ड गठन गर्ने**

सघीय तहमा कानूनद्वारा नै एक अधिकार सम्पन्न राष्ट्रिय योग्यता प्रारुप वोर्ड गठन गर्न जरुरी छ । समग्र शिक्षा तर्फका ज्ञान सिप सक्षमता अभिवृत्तिहरूको परीक्षण तथा प्रमाणीकरण गरी राष्ट्रिय तथा अन्तरष्ट्रिय तहमा समेत समकक्षी मान्यता प्राप्त गर्न एक अधिकार सम्प्नन राष्ट्रिय परीक्षा वोर्डको गठन तथा कार्यान्वयन गर्न अत्यावश्यक हुन्छ। यसको गठन कानूनले नै गर्न जरुरी हुन्छ । यसप्रकारको वोर्डमा विश्वविद्यालयका प्राज्ञ, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्रका विज्ञ, शिक्षा विद, अनौपचारिक क्षेत्रका विज्ञ, विषयगत विज्ञहरू जस्तै मेडिकल, इन्जीनियरिङ्, कृषि, वन, वातावरण, विज्ञान, विशिष्ट ज्ञान र सिपले युक्त उद्योगपति,विभिन्न ट्रेडका विज्ञहरूसमेतको प्रतिनिधित्व हुने गरी वोर्ड गठन गरी कार्यान्वयनमा ल्याउनु पर्छ ।

योग्यता प्रारुप वाेर्डको काम कर्तव्य र अधिकारहरूको स्पष्ट व्याख्या कानूनमा नै गरिनु पर्छ । योग्यता प्रारुपको परिमार्जन तथा अद्यावधिक गर्ने कार्य, योग्यता परीक्षण तथा प्रमाणीकरण सम्बन्धी कार्य, योग्यताको स्तर निर्धारण, परीक्षण पद्दतिमा सुधार, विभिन्न धारहरूको शिक्षाको क्रेडिट घण्टा निर्धारण, उद्याेग तथा व्यवसाय क्षेत्रको सहभागिता, व्रिज कोर्षहरूको व्वस्था र तिनको समकक्षता, राष्ट्रिय योग्यता प्रारुप अनुसार श्रम बजारसँगको सहकार्य र उत्पादित जनशक्ति खपत योजना विकास र कार्यान्वयन जस्ता कार्यजिम्मेवारीहरू वहन गर्ने निकायहरूका बारेमा कानूनमा तय गरिनु जरुरी हुन्छ ।

**राष्ट्रिय योग्यता प्रारुप वोर्डअन्तरगत प्रदेश प्रारुप वोर्ड गठन गर्ने**

राष्ट्रिय योग्यता प्रारुपसम्बन्धी सघीय वोर्डको मातहतमा रहने गरी प्रदेश तहमा राष्ट्रिय योग्यता प्रारुप वोर्ड गठन गरी कार्यान्वयनमा ल्याउने । यसले राष्ट्रिय योग्यता प्रारुप बोर्डले सम्पादन गर्ने कार्यहरू जस्तै योग्यता परीक्षण तथा प्रमाणीकरण व्रिज कोर्षका कक्षा सञ्चालनमा सहजीकरण र प्रमाणीकरण निजी क्षेत्रका उद्योग व्यवसायीहरूको प्रारुप कार्यान्वयनमा सहमागिताको सुनिश्चितता, व्रिज कोर्ष सञ्चालनको अनुगमन तथा सुपरीवे क्षण लगायतका कार्यहरू सम्पन्न गर्ने गरी प्रदेश स्तरीय राष्ट्रिय योग्यता प्रारुप वोर्ड गठन गरी कार्यान्वयनमा ल्याउन अत्यावश्कय छ ।

**पालीका प्रारुप समन्वय एकाइको व्यवस्था गर्ने**

राष्ट्रिय योग्यता प्रारुपसम्बन्धी कार्यमा समन्वय गर्न पालीका तहमा पनि एक समन्वय एकाइको व्यवस्था हुनु जरुरी छ । यसले प्रारुपले तय गरे अनुसारको विवरण सङ्कलन गर्ने, योग्यता परीक्षणसम्बन्धी कार्यतालिकाको प्रचार प्रसार गर्ने, योग्यता परीक्षण गर्न चाहने व्यक्तिहरूको

आवेदन लिने लगायतका कार्यहरू सम्पादन गर्ने जिम्मेवारी यो समन्वय एकाइमा प्रदान गरी योग्यता परीक्षणसम्बन्धी कार्यलाई सहजीकरण गर्ने कार्य हुनु पर्छ ।

**सङ्गठन तथा व्यवस्थापन सर्भे सम्पन्न गर्ने**

राष्ट्रिय योग्यता प्रारुपको कार्यान्वयनका लागि अलग्गै सरचनागत व्यवस्था गर्नं पर्ने हुन्छ । यस प्ररकारको संरचनागत व्यवस्था तीन ओटै तहका सरकारमा हुन्छ । अतः प्रारुपले तय गरेको तहगत स्तरीकरण, स्तरीकृत परीक्षण, पूर्व सिकाइको परीक्षण र प्रमाणीकरण लगायतका सवै कार्यहरू सम्पादन गर्नका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक जनशक्ति र तिनको काम कर्तव्य र जिम्मेवारी यकिन गर्न अत्यावश्यक हुन्छ । यसका लागि सङ्गठन तथा व्यवस्थापन सर्भे सम्पन्न गर्नं पर्छ ।

## @-$ ;+yfut ;lfdtf ljsf;sf nflu ug{kg]sfo{¿

राष्ट्रिय योग्यता प्रारुपलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस सँग सम्बन्धित सवै निकायहरू तथा पदाधिकारुको सक्षमता विकास हुनु पर्छ । यसका लागि सरकारले निम्न पक्षहरूलाई उचित सम्बोधन गर्न जरुरी हुन्छः

**संरचनागत व्यवस्थाको सुनिश्चितता**

योग्यता प्रारुप कार्यान्वयनका लागि अत्यावश्यक संरचना तय गर्ने । उक्त सरचनामा अत्यावश्यक जनशक्तिको प्रक्षेपपण गरी आवश्यक दरवन्दीहरू नेपाल सरकारबाट स्वीकृत गर्ने ।

**जनशक्ति व्यवस्थापन**

स्वीकृत दरवन्दी अनुसारका जनशक्तिको कानुनी प्रक्रिया अवलम्बन गरी नियुक्ति गर्ने । सेवा शर्त तोक्ने । सेवाप्रवेश तालिम सञ्चालन गर्ने ।

**सक्षमता विकाससम्बन्धी आवश्यकता पहिचान गर्ने**

राष्ट्रिय योग्यता प्रारुप अन्तरगत काम गर्ने सवै कर्मचारीहरूको तोकिएको सक्षमता छ वा छैन लेखाजोखा गर्ने । कार्य प्रक्रिति अनुसारको प्राविधिक दक्षता अत्यावश्यक क्षेत्रहरू पहिचान गर्ने । सक्षमताहरूलाई प्रथमिकीकरण गरी विविन्न प्रकारका पेसागत विकासका मोड्यूलहरू तय गर्ने ।

**सक्षमता विकास योजना तयारी र कार्यान्वयवन गर्ने**

समग्र सक्षमता विकास योजना तयार गर्ने । विभिन्न प्रकारका पेसागत तालिमका मोड्युलका आधारमा मन्त्रालय  र अन्तरगत कार्यरत सवै कर्मचारीहरूलाई अत्यावश्यक सक्षमता

विकासका लागि छोटो तथा लामो अवधिको सक्षमता विकास कार्यक्रम विकास गरी कार्यन्वयनमा ल्याउने ।

### शिक्षा तथा तालिम सञ्चालन प्रक्रियामा सुधार गर्ने

शिक्षालाई बढी लचिलो बनाउने । तालिम सञ्चालन प्रक्रियामा सुधार गर्ने । योग्यता प्रारुप अनुसार पूर्व सिकाइ अनुभवलाई वैधता प्रदान गर्ने । यसका लागि पूर्व सिकाइ अनुभवहरू अन्तरगत हासिल हुन सक्ने ज्ञान सिप तथा अभिवृत्तिहरूको पहिचान गर्ने लगायतका कार्यहरू सम्पन्न गरी शिक्षा र तालिम कार्यक्रमलाई दक्षता अभिवृद्धि  मानवपुँजी विकास अधिकारमा आधारित बनाउदै लैजाने कार्य गर्नं पर्छ ।

### सार्वजनिक नीजी साझेदारी विकास गरी निजी क्षेत्रको सहभागिता बढाउने

योग्यता प्रारुप अनुसार सञ्चालन हुने शिक्षा पददि्तमा सरकारी शिक्षा प्रदायक निकाय र श्रमबजारवीच समन्वय र साझेदारी विकास हुनु पर्छ । श्रमबजारको श्रमशक्तिको आवश्यकता अनुसार पठन पाठनकालागि पाठ्यक्रम तथा पाठहरू तय गर्ने क्रममा श्रमबजारको सक्रिय सहभागिता सुनिश्चित गर्नं पर्छ । यसका लागि सरकारले उपयुक्त वातावरण तयार गर्नं पर्छ । त्यसैगरी श्रमबजारले पनि आफ्नो आवश्यकताअनुसारको जनशक्ति विकास गर्ने शिक्षासञ्चालन तथा व्यवस्थापनमा लगानी गरी प्रयोगात्मक अभ्यास गर्ने र शिक्षा पूरा भएपछि जनशक्ति खपत गर्ने गरी योजना विकास गरी कार्यान्वयनमा ल्याउनुपर्छ।

### सार्वजनिक तथा निजी स्रोतमा सञ्चालित उद्योगहरूको नक्शाङ्कन गर्ने

सार्वजनिकनिजी साझेदारीका लागि उद्योगहरूको पहिचान सहकार्य तथा सहयोगका क्षेत्रहरूको किटानी सरकारबाट  उपलब्ध गराइने सम्भावित सेवा तथा अवसरहरू र नीजी क्षेत्रबाट सरकारलाई गरिने सहयोग आदिको पहिचान गर्न निजीरुपमा र सरकारको स्वामीत्वमा सञ्चालित सवै व्यवसाय तथा उद्योगहरूको नक्शाङ्कन गर्न अत्यावश्यक छ । यसरी तयार भएको नक्शाङ्कनका आधारमा  सारवनजनिक निनी साझेदारी विकासलाई सस्थागत गर्न अत्यावश्क छ ।

### अन्तर्राष्ट्रिय सहसम्बन्ध विकासलाई प्राथमिकता दिने

राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयन गर्दा यसको अन्तराष्ट्रिय तहमा समेत समकक्षी मान्यता रहने विश्वव्यापी सिद्धान्त रहेको छ । तसर्थ योग्यता प्रारुपलाई अन्तिम स्वरुप प्रदान गर्दा अन्तर्राष्ट्रिय तहको सक्षमता तथा ज्ञान तहगत क्रेडिट घण्टा आदिसँग पनि तादत्म्यता कायम हुन जरुरी छ । यसकालागि योग्यता प्रारुप वोर्डले अन्तराष्ट्रिय तहमा अभ्यासमा रहेका यो

ग्यता प्रारुप तथा श्रमवजारसँग पनि उचित समन्वय र सहकार्यको अवस्था सिर्जना गर्न जरुरी हुन्छ ।

## @=% of]Uotf k|f?k sfof{Gjogdf ljleGg lgsfox¿sf] e'ldsf

राष्ट्रिय योग्यता प्रारुप विकास तथा कार्यान्वयनमा विभिन्न निकायहरूको भूमिका रहन्छ । आआफ्नो भूमिकाका बारेमा स्पष्ट हुन जरुरी हुन्छ । यसले राष्ट्रिय योग्यता प्रारुपको प्रभावकारी कार्यान्वयनको अवस्था सुनिश्चित गर्न सहजता मिल्छ । यहा विभिन्न निकायहरूले खेल्नु पर्ने केही भूमिकाहरू सुझाव गरिएको छ । यसबाट ऐन तथा नियमावलीको व्यवस्था तथा सम्शोधन गर्दा उपयोगी सूचना प्राप्त हुन जाने देखिएकाले देहायअनुसार प्रस्तुत गरिएको छः

| **निकाय** | **खेल्नु पर्ने भूमिका** |
|---|---|
| शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | ❍ राष्ट्रिय योग्यता प्रारुपलाई अन्तिम रुप प्रदान गर्ने<br>❍ प्रारुपलाई नेपालसरबारबाट स्वीकृत गराउने<br>❍ प्रारुप कार्यान्वयका लागि अत्यावश्यक कानुनी व्यवस्था गर्नेः सघीय शिक्षा ऐन वा छुट्टै कार्यादेश<br>❍ शिक्षा नियमावलीमा प्रारुप कार्यान्वयन सम्बन्धी व्यवस्था समावेश गरी सशोधन गर्ने<br>❍ राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयन निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याउने<br>❍ सघीय शिक्षा ऐन अनुसारको सरचनागत व्यवस्थाका लागि सङ्गठन तथा व्यवस्थापन सर्भे गरी नेपालसरकारबाट स्वीकृत गराइ कार्यान्वयनमा ल्याउने<br>❍ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको सम्बन्धित महाशाखाको कार्यविवरण समशोधन गरी प्रारुप सम्बन्धी कार्यको समन्वयका लागि अलगै डेक्स तथा जिम्मवारी तोक्ने<br>❍ अन्य सम्बध्द निकायहरूको कार्यादेशमा राष्ट्रिय योग्यता प्रारुप अनुसारको कार्य विवरण अद्यावधिक गर्ने गराउने<br>❍ राष्ट्रिय योग्यता प्रारुप अनुसारका सक्षमता मापद्‌डहरू स्वीकृत गर्ने<br>❍ विश्व विद्यालयलहरूसँ सहकार्य गरी उच्च शिक्षाको शैक्षिक योग्यता परीक्षण तथा प्रमाणीकरण कार्यलाई एकल समरचना |

| | |
|---|---|
| | मार्फत परीक्षण तथा प्रमाणीकरण गर्ने व्यवस्थाका लागि आवश्यक काननु विधि तथा प्रक्रिया तय गरी कार्यान्वयनमा ल्याउने |
| शिक्षा तथा मानवस्रोत विकास केन्द्र | ❍ राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनका लागि आवश्यक प्रक्रिया निर्देशिका तयारी गर्ने<br>❍ राष्ट्रिय योग्यता प्रारुप अनुसारका प्रत्येक तहका लागि सक्षमता तय गर्न पाठ्यक्रम विकास केन्द्रसँग सहकार्य गर्ने<br>❍ राष्ट्रिय योग्यता प्रारुप अनुसारका स्वअध्ययन मोडेल विकासमा पाठ्यक्रम विकास केन्द्रसँग सहकार्य गर्ने र तिनको वेव पेज व्यवस्थापन गरी सवैलाई सर्वसुलभ बनाउने जिम्मेवारी वहन गर्ने<br>❍ राष्ट्रिय योग्यता प्रारुप अनुसार का सिप परीक्षण तथा व्रिज कोर्ष सञ्चालन गर्ने निकायहरूको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदसँग सहकार्य र समन्वय गरी पहिचान गर्ने र आवश्यक तयारीका लागि सहजीकरण गर्ने<br>❍ स्थानीय तहमा राष्ट्रिय योग्यता प्रारुप अनुसार तल्ला तहहरूको ज्ञान तथा सिप परीक्षण पूर्व सिकाइको परीक्षणका लागि उपयुक्त विद्यालय वा सामुदायिक सिकाइ केन्द्रहरूको पहिचान गरी स्थानीय सरकारसँगको सहकार्य र समन्वयमा सक्षमता विकास गरी परीक्षण तथा प्रमाणीकरण सबन्धी व्यवस्था मिलाउने<br>❍ राष्ट्रिय योग्यता प्रारुप अनुसारका व्रिजकोर्षहरू विकासका लागि अत्यावश्यक बजेट व्यवस्थापन गर्ने<br>❍ योग्यता प्रारुप अनुसार सञ्चालित व्रिज कोर्ष तथा परीक्षण तथा प्रमाणीकरण प्रक्रियाको अनुगमन गरी गुणस्तर सुनिश्चितताका लागि आवश्यक कार्यहरू गर्ने<br>❍ अन्तरिम व्यवस्थापन तथा कार्यान्वयनका लागि स्टेरिङकमिटिको सचिवालयको रुपमा कार्य सम्पादन गर्ने<br>❍ अन्तरिम व्यवस्थापनअन्तर्गत आवश्यक तहगत सिकाइ सामग्रीहरू, मोडुलहरू, तालिम सामग्रीहरू, निर्देशिका, मापदण्ड आदिको विकास तथा परीक्षण लगायतका कार्यहरू गर्ने । |

| | |
|---|---|
| पाठ्यक्रम विकास केन्द्र | ❍ राष्ट्रिय योग्यता प्रारुप अनुसारका प्रत्येक तहका लागि सक्षमता तय गर्ने र यसका लागि सम्बन्धित निकायहरूसँगको समन्वय र सहकार्य स्थापित गर्ने<br>❍ राष्ट्रिय योग्यता प्रारुप अनुसारका स्वअध्ययन मोडेल विकास गरी तिनलाई शिक्षा तथा मानवस्रोत विकास केन्द्र तथा पाठ्यक्रम विकास केन्द्रका वेवपेजमा अपलोड गरी सर्वसुलभ बनाउने<br>❍ राष्ट्रिय योग्यता प्रारुप अनुसारका तहगतरुपमा स्वाध्यायन सामग्रीहरू विकास गरी वेवपेजमा राखी सर्वसुलभ बनाउने<br>❍ राष्ट्रिय योग्यता प्रारुप अनुसारका तहगतरुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्रको समन्वय र सहकार्यमा साधारण शिक्षा तथा प्राविधिक शिक्षा तर्फका व्रिज कोर्षहरू तयारी गर्ने |
| राष्ट्रिय परीक्षा वोर्ड | ❍ योग्यता परीक्षण तथा प्रमाणीकरण सम्बन्धी प्रक्रिया विकास गरी कार्यान्वयनमा ल्याउने<br>❍ आवेदन फाराम, आवेदन तरिका, आवेदन स्वीकृति, परीक्षण तथा प्रमाणीकरण, समय तालिका आदि निर्माण गरी मन्त्रा( लयबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने<br>❍ प्रमाणीकरण प्रमाणपत्रको ढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याउने<br>❍ परीक्षक तथा सम्परीक्षकहरूको रोष्टर विकास गरी उनीहरूको सक्षमता विकास गर्ने र परीक्षण कार्यमा सम्लग्न गराउने<br>❍ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदसँग सहकार्य र समन्वयमा योग्यता प्रारुप अनुसारका परीक्षण कार्यमा सहजीकरण गर्ने<br>❍ कानून बनेर अर्को व्यवस्था नहुँदा सम्म राष्ट्रिय योग्यता प्रारुप अनुसार साधारण धारतर्फको तह पाँच सम्मको योग्यताको परीक्षण तथा प्रमाणीकरण गर्ने |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद | ❍ एकल राष्ट्रिय पाठ्यक्रम प्रारुप तयारीमा सहयोग गर्ने<br>❍ राष्ट्रिय पाठ्यक्रम प्रारुपले तय गरेका तहगत व्याख्याको अधिनमा रही प्राविधिक धारबाट साधारण धारमा र साधारण धारबाट प्राविधिक धारमा सहज प्रवेशका लागि अत्यावश्यक सक्षमताहरू पाठ्यक्रम विकास केन्द्रको सहकार्यमा गर्ने |

| | |
|---|---|
| | ❍ प्राविधिक धारतर्फका विषयगत रुपमा वा विधागत रुपमा योग्यता प्रारुप अनुसारका तहहरूका लागि मोड्युलर तालिम कोर्षहरू विकास गरी कार्यान्वयनमा ल्याउने<br>❍ मोड्युलर तालिम सञ्चालन गर्ने तालिम प्रदायक सस्थाहरू पहिचान गरी तिनको सक्षमता विकास गर्ने र परीक्षण तथा प्रमाणीकरणका लागि जिम्मेवार बनाउने<br>❍ नेपाल सरकारबाट स्वीकृत प्रमाणीकरण प्रमाणपत्र जारी गर्ने<br>❍ साधारण धारतर्फका राष्ट्रिय योग्यता प्रारुप विकास सम्बन्धी क्रियाकलापहरूमा सहभागि हुने र एकल राष्ट्रिय योग्यता प्रारुपको अवधारणा अनुसार कार्य गर्ने |
| प्रदेश सरकार | ❍ सघीय कानून अनुसारको प्रदेश स्तरीय राष्ट्रिय योग्यता प्रारुप वोर्ड विकास गर्ने<br>❍ राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनका लागि आवश्यक वजेट तथा कार्यक्रमहरू तय गर्ने<br>❍ प्रदेश तालिम केन्द्रलाई राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयनमा शिक्षक  तथा विद्यालयबाट गर्नँ पर्ने सहजीकरण कार्यका बारेमा शिक्षक तालिम मार्फत प्रवोधिकरण गर्ने<br>❍ प्रदेश मातहतका प्राविधिक तथा व्यावसायिक तालिम प्रदायकहरूबाट सञ्चालन हुने व्रिवकोर्ष तथा परीक्षण कार्यको सुपरीवेक्षण गर्ने |
| स्थानीय सरकार | ❍ राष्ट्रिय योग्यता प्रारुपले व्यवस्था गरेका शैक्षिक योग्यताका तह यसको कार्यान्वयनमा स्थानीय सरकारको भूमिका आदि विषयहरूमा व्यापक रुपमा प्रवोधीकरण गर्ने<br>❍ राष्ट्रिय योग्यता प्रारुप अनुसार हुने योग्यता परीक्षण तथा प्रमाणीकरण प्रक्रियामा सहजीकरण गर्ने<br>❍ तल्ला तहका योग्यताहरूको परीक्षण तथा प्रमाणीकरणका लागि सक्षम विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरूको पहिचान गरी यसका लागि उनीहरूलाई तयार गर्ने र परीक्षण तथा प्रमाणीकरण कार्यको गुणस्तर कायम गर्ने |
| विद्यालय तथा सामुदायिक अध्ययन केन्द्र | ❍ राष्ट्रिय योग्यता प्रारुपको व्यवस्थाका बारेमा प्रचार प्रसार गर्ने<br>❍ यसको कार्य प्रक्रिया महत्व तथा विद्यालय बाहिर रहेर पनि सिकाइ गरिरहेका व्यक्तिहरू यसबाट लाभान्वित हुने र औ |

| | |
|---|---|
| | पचारिक शिक्षाको अवसर प्राप्त हुने कुराको व्यापक रुपमा समूदायमा प्रवोधीकरण गर्ने<br>❍ राष्ट्रिय योग्यता प्रारुप अनुसारका तल्ला तहका योग्यताको परीक्षण तथा प्रमाणीकरण कार्यका लागि  तयार हुने र यसका लागि अत्यावश्यक सक्षमता र सहयोग पहिचान गरी स्थानीय सरकारको सहयोगमा सक्षमता विकास गर्न पहल गर्ने<br>❍ राष्ट्रिय योग्यता प्रारुप अनुसारका परीक्षण तथा प्रमाणीकरण प्रकियामा आवश्यक सहयोग गर्ने |

# v08 tLgM

# राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन योजना तथा निष्कर्ष

राष्ट्रिय योग्यता प्रारुपलाई पूर्णरुपमा कार्यान्वयनमा लैजान प्रारुप कार्यान्वयन योजना विकास गरीनु अत्यावश्यक हुन्छ । प्रारुप कार्यान्वयनलाई दूई चरणबाट व्यवस्थित गरिनु उपयुक्त हुन्छ। पहिलो तत्कालका लागि अन्तरिम कार्यान्वयन र दोस्रो दीर्घकालका लागि गरिने कार्यान्( वयन। यो खण्डलाई यही दुई चरणमा कार्यान्वयन गर्ने अवधारणालाई आधार बनाइएको छ ।

## #-! /fli6«o of]Uotf k|?k sfof{Gjog of]hgf

राष्ट्रिय योग्यता प्रारुपलाई तत्काल कार्यान्वयनमा लैजानु जरुरी छ । यसलाई कार्यान्वयनमा लैजान केही महत्वपूर्ण कार्यहरू तत्कालै सुरु गर्नँ पर्ने हुन्छ। यस खण्डमा प्रारुप कार्यान्वयनको कार्ययोजना प्रस्ताव गरिएको छ । यस योजनालाई अन्तरिम रुपमा तत्कालै कार्यान्वयनमा जाने र दीर्घकालीन रुपमा कार्यान्वयनमा जाने गरी दुई तहमा व्यवस्थित गरीएको छ ।

| कार्यहरू | कार्यान्वयन समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| अन्तरिम व्यवस्थापन सम्बन्धी कार्यहरू | | | |
| अन्तरिराष्ट्रिय योग्यता प्रारुपलाई अन्तिम स्वरुप प्रदान गर्नेम व्यवस्थापन सम्बन्धी कार्यहरू | २०७८ चैत्र बाट प्रारम्भ गरी २०७९ श्रावण सम्म | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र, राष्ट्रिय परीक्षा वोर्ड |
| विद्यालय शिक्षा क्षेत्रको योजना सन् २०२१ देखि २०३० मा प्रारुप कार्यान्वयन सम्बन्धी व्यवस्था थप गर्ने | तत्काल सुरु गरी यो जना स्वीकृत हुनु पूर्व सम्मन्न गर्ने | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षा मानवस्रोत विकास केन्द्र |

| कार्यहरू | कार्यान्वयन समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| प्राविधिक तथा व्यावसायिक शिक्षा तर्फको राष्ट्रिय योग्यता प्रारुप विच सह सम्बन्ध स्थापित गर्ने | तत्काल सुरु गरी प्रारुप स्वीकृत हुनु पूर्व सम्मन्न गर्ने | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षा मानवस्रोत विकास केन्द्र |
| शिक्षा विज्ञान तथा प्रविधि र अन्य सम्बद्ध निकायहरूको कार्यविवरण अद्यावधिक गर्ने | तत्काल गर्ने | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षा मानवस्रोत विकास केन्द्र |
| तह पाँच सम्मको तहगत सक्षमता विकास गर्ने | तत्काल सुरु गर्ने | पाठ्यक्रम विकास केन्द्र | शिक्षा तथा मानवस्रोत विकास केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र |
| राष्ट्रिय योग्यता प्रारुप सम्बन्धमा समान धारणाको विकास गर्नेः प्रारुपको प्रवोधीकरण | प्रारुपको स्वीकृति पश्चात् तत्काल सुरु गर्ने | शिक्षा तथा मानवस्रोत विकास केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र | पाठ्यक्रम विकास केन्द्र तथा अन्य निकायहरू |
| योग्यता प्रमाणीकरण प्रक्रिया निर्धारण गर्ने | प्रारुपको स्वीकृति पश्चात् तत्काल सुरु गर्ने | राष्ट्रिय परीक्षा वोर्ड | शिक्षा तथा मानवस्रोत विकास केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |

| कार्यहरू | कार्यान्वयन समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| प्रमाणीकरणको निश्चित ढाँचा र प्रमाणीकरण गर्ने सयन्त्र तय गरी कार्यान्वयनमा ल्याउने | प्रारुपको स्वीकृति पश्चात् तत्काल सुरु गर्ने | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र राष्ट्रिय परीक्षा वोर्ड | शिक्षा तथा मानवस्रोत विकास केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र, पाठ्यक्रम विकास केन्द्र |
| तहगत सिकाइ सामग्री विकास गरी तिनको सर्वसुलभता कायम गर्ने | प्रारुपको स्वीकृति पश्चात् तत्काल सुरु गर्ने | शिक्षा तथा मानवस्रोत विकास केन्द्र र पाठ्यक्रम विकास केन्द्र | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| तह पाँच सम्मको तहगत सक्षमता विकास गर्ने | तत्काल सुरु गर्ने | पाठ्यक्रम विकास केन्द्र | शिक्षा तथा मानवस्रोत विकास केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र |
| **ऐन तथा कानुनद्वारा व्यवस्थित गर्नु पर्ने कार्यहरू** | | | |
| शिक्षा ऐन वा अलग्गै ऐनको व्यवस्था कार्यान्वयनमा ल्याउने | तत्काल सुरु गरी २०७९ श्रावण भित्र | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| शिक्षा नियमावलीमा आवश्यक सशोधन गर्ने | नयाँ संघीय शिक्षा ऐन स्वीकृत भएको ३ महिना भित्र | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयन निर्देशिका विकास र कार्यान्वयन | शिक्षा नियमावली स्वीकृत भएको २ महिना भित्र | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| सङ्गठन तथा व्यवस्थापन सर्भे सम्पन्न गर्ने | नयाँ ऐन आएको ६ महिना भित्र | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षाका सवै केन्द्रिय निकायहरू |

| कार्यहरू | कार्यान्वयन समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| सङ्गठन तथा व्यवस्थापन सर्भे अनुसारको सरचना र जनशक्ति व्यवस्थापन | सङ्गठन तथा व्यवस्थापन स्वीकृत भएको ६ महिना भित्र | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | |
| जनशक्ति विकास योजना कार्यान्वयन | जनशक्ति चयन र पदस्थापना पश्चात तत्काल सुरु गरी निरन्तर | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| ब्रिज कोर्ष सञ्चालन गर्ने निकायहरूको चयन तथा अनुमती | प्रारुप स्वीकृत भएको ३ महिना भित्र | शिक्षा तथा मानव स्रोत विकास केन्द्र र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद | |
| विद्युतीय शैक्षिक सामग्री विकास र कार्यान्वयन | प्रारुप स्वीकृत भए पश्चात तत्काल सुरु गर्ने | शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद | |
| अनलाइनमा आधारित कोर्ष तयारी र कार्यान्वयन | प्रारुपको स्वीकृति भएपश्चात् तत्काल सुरु गरी निरन्तर | शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद | |
| उद्योगहरूको नक्शाङ्कन र प्रारुप कार्यान्वयनमा सहभागिता | प्रारुपको स्वीकृति भएपश्चात् तत्काल सुरु गरी निरन्तर | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद | शिक्षा तथा मानवस्रोत विकास केन्द्र |

## #-! lgisif{

१ अन्तरिम व्यवस्थापन तथा कार्यान्वयनका लागि स्टेरिङ कमिटिको सचिवालयको रुपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयन समितिको सचिवालय स्थापना गरी सोही केन्द्रवाट कार्य सम्पादन गर्ने

२ राष्ट्रिय योग्यता प्रारुपलाई अन्तिम स्वरुप प्रदान गरी तत्काल कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ। यसका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले उच्च प्राथमिकता दिनु उचित देखिन्छ।

३ राष्ट्रिय योग्यता प्रारुका सम्बन्धमा मन्त्रालय पद्दति र अन्य निकायहरू विच समान धारणा विकास हुन अत्यावश्यक देखिएको छ। समान धारणाका लागि मन्त्रालय तथा अन्य सम्बद्ध सरोकारवालाहरू विच योजनावद्ध रुपमा प्रवोधीकरण गर्नं अत्यावश्यक छ।

४ राष्ट्रिय योग्यता प्रारुपलाई दुई चरणबाट व्यवस्थित गर्दा उत्तम हुने अवस्था देखिएको छ। तत्कालका लागि अन्तरिम व्यवस्थापन गरी कार्यान्वयनमा जाने र दीर्घकालाका लागि ऐन कानून सरचना जनशक्ति आदिको अलगै व्यवस्थापन गरी जानु उपयुक्त देखिन आएको छ।

५ अन्तराष्ट्रिय अभ्यासले पनि राष्ट्रिय योग्यता प्रारुपको कार्यान्वयनका लागि अलग्गै कानून अलग्गै सरचना र प्रक्रिया अवलम्बन गर्ने गरेको परिप्रेक्षमा नेपालमा पनि कानून जारी गरी योग्यता प्रारुपलाई कार्यान्वयनमा लैजानु जरुरी छ। यसका लागि ऐन कानून निर्माण तथा प्रचलित ऐन कानूनमा सशोधन कार्य प्रारम्भ गरी निचोडमा पुग्ने।

६ अलग कानुन तथा सरचना हुदाका अवस्थामा पनि विद्यमान कानूनबाट स्थापित संरचनाहरूको उच्चतम उपयोग गरी कम आर्थिक व्ययभार हुने गरी विद्यमान संरचनाको सक्षमता विकास गर्ने र कार्य जिम्मेवारीमा योग्यता प्रारुपसम्बन्धी कार्य जिम्मेवारी थप गरी परिचालन गर्ने अभ्यास उत्तम हुने भएकाले यसलाई प्राथमिकता दिनु पर्ने।

७ योग्यता प्रारुपसम्बन्धी परीक्षण तथा प्रमाणीकरणका लागि सहज पहुच र व्यवस्थापनका पक्षबाट प्रभावकारी बनाउन राष्ट्रिय तहमा रहने संरचता तथा व्यवस्थाले तय गरेको अधिकार सिमामा रहने गरी स्थानीय सरकारको समन्वय र नेतृत्वमा विद्यालय, सामुदायिक अध्ययन केन्द्र तथा स्थानीय सरकार तहमा गरी कार्य जिम्मेवारी प्रदान गर्नं बढी व्यावहारिक हुन्छ। यसका लागि तह ३ सम्मको योग्यतालाई प्रमाणीकरण गर्ने अधिकार प्रदान गर्दा उपयुक्त हुन आउँछ।

८ अनौपचारिक तहबाट वा अनियमित तरिकाबाट वा अरितिक तरिकाबाट हासिल हुने सवै सिकाइलाई जीवनपर्यन्त सिकाइका रुपमा व्याख्या गरी योग्यता प्रारुपलाई व्यवस्थापन गर्दा यसको सिकाइको दायरा फराकिलो हुने देखिएकाले तह ३ सम्मको सिकाइको

प्रारुपलाई जीवनपर्यन्त वा निरन्तर सिकाइका रुपमा व्याख्या गरी अगाडी बढ्दा उपयुक्त हुने देखिएको छ ।

९ राष्ट्रिय योग्यता प्रारुपले एक धारको शिक्षाबाट अर्को धारको शिक्षा विच पारगम्यता कायम गरी पहुचमा लचकता प्रदान गर्ने भएकाले योग्यता परीक्षण तथा प्रमाणीकरणमा सक्षमतामा कमी कमजोरी देखिएका तहगत रुपमा उक्त कमी कमजोरी हटाउने खालका ब्रिजकोर्षहरूको व्यवस्था गरी सिकारुलाई थप सक्षमता विकासका अवसर प्रदान गर्नँ पर्छ । यसका लागि विभिन्न प्रकारका तालिम प्रदायक सस्था तथा सञ्चालन हुने ब्रिज कोर्षको पूर्व स्वीकृति लिएका निकायहरूलाई जिम्मेवार बनाउदा राम्रो हुने अवस्था देखिन आएको छ ।

१० सिकारुलाई विभिन्न प्रकारका सिकाइ सामग्री तथा मोड्युलर सिकाइ कोर्ष तयार गरी अनलाइनमा आधारित कार्यक्रममा सहभागि हुने वातावरण सिर्जना गर्न सान्दर्भिक हुने अवस्था देखिन्छ ।

## पुनरावलोकन गरिएका सामग्रीहरूको विवरण

१ राष्ट्रिय योग्यता प्रारुप २०७७ स्वीकृत ढाँचा नेपाल सरकार मन्त्री परिषद सचिवालय

२ राष्ट्रिय योग्यता प्रारुप अनौपचारिक तथा वैकल्पिक शिक्षाको प्रस्तावित खाका, शिक्षा तथा मानव स्रोत विकास केन्द्र २०७८

३ राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ पाठ्यक्रम विकास केन्द्र

४ विद्यालय शिक्षा योजना २०२१ देखि २०३० प्रारम्भिक मस्यौदा २०७८

५ राष्ट्रिय शिक्षा नीति २०७६